# आमाको काखमा दुखेको देश



डा. वीरेन्द्र केसी

# आमाको काखमा
# दुखेको देश

डा. वीरेन्द्र केसी

साहित्यपोस्ट

| | |
|---|---|
| कृतिः | आमाको काखमा दुखेको देश |
| विधाः | कविता |
| कृतिकारः | डा. वीरेन्द्र केसी |
| सर्वाधिकारः | कृतिकारमा |
| प्रकाशकः | साहित्यपोस्ट समूह<br>अनामनगर, काठमाडौँ<br>सम्पर्क: ९८४९०७०५७१ |
| इमेलः | *sahityapost2020@gmail.com* |
| भाषा सम्पादनः | साहित्यपोस्ट समूह |
| पहिलो संस्करणः | असार २०७८ |
| मूल्यः | नेरु. १९९/-<br>**US$ 05/-** |
| आवरणः | बाबु साइँला |
| छापाखानाः | साइन प्रिन्टिङ प्रेस |
| आइएसबिएनः<br>***ISBN No.*** | ९७८९९३७०८८६०२<br>***9789937088602*** |


यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक प्रकाशकको अनुमतिबिना कुनै पनि माध्यमद्वारा पुनरुत्पादन गर्न वा फोटोकपी गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन २०५९ अनुसार कारबाही गरिनेछ।

***Aama Ko Kakh Ma Dukheko Desh:***
***A collection of poem***
***by***
**Dr. Birendra KC**

# समर्पण !

मेरो यो कविता संग्रह मेरा आमा-बुवाप्रति समर्पित गरेको छु ।

सन्ततिको खुसी किन्न आफ्नै रगत रित्याइदिने
सपना विपना सारा जीवन हाँसीहाँसी सिध्याइदिने
जलिदिने हाम्रा निम्ति मैनबत्तीको शिखाजस्तो
सृष्टि भरि आमा सरी छैन कोही बुवाजस्तो ।



# हार्दिक शुभकामना !



हाम्रो ज्वाईं डा. वीरेन्द्र केसी नेपाली साहित्य लेखनमा सक्रिय हाम्रो परिवार भित्रको पहिलो साहित्यिक स्रष्टा हुनुहुन्छ । उहाँका कविता विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भए पनि सङ्ग्रहको रूपमा भने यो पहिलो प्रकाशन हो । हामीले उहाँका धेरै कविताहरू पढेका छौं । सरल र सहज भाषामा लेखिएका हरेक कविता पढ्दा हामीलाई बेग्लै किसिमको आनन्दको अनुभूति हुन्छ । मन भित्रको अनुभूति र तरङ्गलाई जस्ताको त्यस्तै कवितामा उन्न सक्नु र त्यसमार्फत् जीवन र जगतलाई उज्यालो दिन सक्नु उहाँको विशेषता हो । त्यस्तै विभिन्न विषयवस्तु समेटेर आकर्षक रूपमा प्रस्तुत गर्न सक्नु उहाँको क्षमता हो ।

उहाँका कविताहरू पढ्दै गर्दा बृहत् पाठकहरूले पढ्न

पाउनु पर्छ भन्ने अभिलाषा हाम्रो मनमा सधैँ आइरहन्थ्यो । त्यसैले यो कविता संग्रह प्रकाशन गरेर पाठकहरूसमक्ष ल्याउने अभियानमा सहयोग गर्न पाउँदा खुशी लागेको छ । पाठकहरूले उहाँका साहित्यिक अनुभूतिहरूलाई मायाले मनन गरिदिनुहुनेछ भन्ने विश्वास लिएका छौं ।

डा. केसीको लेखन अविच्छिन्न रूपमा अघि बढिरहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

कमल/कमला केसी
घोराही, दाङ

# प्रकाशकीय

डा. वीरेन्द्र केसी कविका रूपमा झण्डै एक वर्षअघि साहित्यपोस्टमा देखापर्नु भएको थियो । काव्यकारका रूपमा मुक्त र छन्द, विधागतरूपमा कविता र गजल अनि शैलीगतरूपमा भावुक र बौद्धिक देखिने केसीका १० कविता र १० गजल छ महिनाभित्रमा साहित्यपोस्टले छापेपछि सम्पादकीय मण्डललाई महसुस भयो, डा. केसीमा काव्यिक क्षमता अपार छ । यसै क्षमतालाई आधार बनाएर हामीले उहाँलाई कविता संग्रह निकाल्न आग्रह गर्यौं र उहाँले यसलाई सहर्ष स्वीकार गरिदिनु भयो । यो विश्वासका लागि हामी डा. केसीप्रति हार्दिक आभार व्यक्त गर्दछौँ । साहित्यपोस्टको शुभचिन्तकका रूपमा उहाँले सधैँ हामीलाई हौसला प्रदान गर्नुभयो र पत्रिकाको स्थायित्वका लागि केही योजनासमेत अघि सार्नुभयो । यो योजना के हो, सम्पादकीयको अन्त्यमा लेखिने नै छ । तर सुरूमा सो योजनाका लागि हामी उहाँप्रति धन्यवादका शब्दहरू टक्र्याउँदछौँ ।

साहित्यपोस्ट समूहले प्रकाशन र सम्पादनको जिम्मा लिएको यो पहिलो कृति हो । यस अर्थमा कवितामा भएका सम्पादकीय एवं प्रकाशकीय त्रुटिहरू हाम्रा

हुन् । कृतिकारले सिर्जना गरेपछि सर्जकको दायित्व सकिन्छ । त्यसलाई उचित लालिमाले शृंगारपटार गर्ने, कविता अनुसारको कभर डिजाइनिङ् गर्ने र छपाइमा न्याय गर्ने जिम्मा हाम्रो थियो । जसलाई हामीले सकेसम्म पूरा गर्ने प्रयत्न गरेका छौँ । तर पनि हामीले सोचे जति गर्न सकेका छैनौँ । तर यी अनुभवहरूले आगामी दिनमा अघि बढ्ने हौसला मिल्नेछ भन्ने विश्वास छ । यो सुरूवातले परम्परागत छपाइलाई पनि सँगै लिएर जाने साहित्यपोस्टको योजनालाई बल मिलेको छ । त्यसका लागि पनि हामी डा. केसीलाई सम्झिरहने छौँ ।

यो काव्य सँगालो नेपाली साहित्यको उत्कृष्ट कृति हो भन्ने हाम्रो दाबी छैन । यसले ठूलो बजार लेला भनेर हामीले यसलाई प्रकाशन गरेका पनि होइनौँ । तर यति चाहिँ भन्न सकिन्छ, 'आमाको काखमा दुखेको देश'ले नेपाली साहित्यमा एउटा फरक आयाम थप्नेछ र डा. केसीलाई कविका रूपमा स्थापित गर्नेछ । त्यसो भयो भने डा. केसीपछि खुसी हुने संस्था साहित्यपोस्ट बन्नेछ । साहित्यपोस्टमा नियमित नयाँ लेखक कविहरूले लेखिरहनु भएको छ । डा. केसीको यस कृतिले यस्ता नयाँ स्रष्टाहरूलाई पनि पुस्तक प्रकाशन गर्न हौसला मिल्नेछ भन्ने हाम्रो अपेक्षा छ ।

डा. केसीले यस कृतिको बिक्रीबाट आएको लेखस्व साहित्यपोस्टले निकट भविष्यमा घोषणा गर्न लागेको विशेष पुरस्कारका लागि जम्मा गरिरहेको कोशलाई प्रदान

गर्ने वचन दिनुभएको छ । पुस्तकबाट आउने लेखकस्वको मूल्य 'सानो' भए पनि लेखकको फराकिलो मनको परिचय दिएको छ । स-सानो थोपाबाटै साहित्यपोस्टको कोश बलियो हुनेछ । त्यसका लागि पनि डा. केसीप्रति हामी अनुगृहित छौँ ।

आउँदा जाँदा लाउँला पिरती...

साहित्यपोस्ट
सम्पादकीय समूह
अनामनगर, काठमाडौँ

# सहज अभिव्यक्तिको प्रशंसनीय उदाहरण



म केही आमाबुबाको आफ्ना सन्तानप्रतिको माया देखेर र त्यसलाई हृदयतः अनुभव गरेर श्रद्धा अनि सम्मानले पग्लिने गर्छु । मेरो स्मरणमा रहेका तीमध्येका केही आमाबुबा सन्तानलाई अघ्घोर माया गर्छन्, तर कसरी माया गर्ने भनेर जान्दैनन् र मायाको लक्ष्य वा उद्‌देश्य पनि बुझ्दैनन् । फलतः उनीहरूका सन्तान मायाको दुरूपयोग गरेर बर्बादीतिर प्रवृत्त भैदिन्छन् । निकै कम आमाबाबुले मात्र उद्‌देश्यपरक र सचेत, तर अत्यन्त गहिरो माया गरेको देखिन्छ आफ्ना सन्तानलाई । यस्तै सचेत र मायालु आमाबुबाका रूपमा काठमाडौँ आएपछि मैले भेटैँ, दाङका घनश्याम केसी दम्पतिलाई । हरक्षण सन्तानकै चिन्ता, उनीहरूको भलाइ, उन्नति र कुशलताको कामना मात्र । आफ्नो सारा ऊर्जा, सारा प्रेम र सारा तन्मयता सन्तानकै लागि ! आफ्ना सारा खुसी, व्यग्रता र समर्पणहरू सन्तानकै लागि ! जति जति खेर यी दम्पत्तिलाई भेट्छु, श्रद्धा र आदरले मेरो शिर अनायास निहुरिने गर्छ ।

म यतिखेर डा. वीरेन्द्र केसीको कविता सङ्ग्रहको भूमिका लेखिरहेको छु र कुरा गरिरहेको छु, घनश्याम केसी दम्पतिको ! पाठकलाई सायद यसले भ्रममा पाऱ्यो होला । स्वाभाविकै पनि हो ! तर डा. केसीको 'आमाको काखमा दुखेको देश' शीर्षक कविता सङ्ग्रह पढ्दै गर्दा मेरो आँखामा अनेकौँ पटक यी दम्पतिको अनुहार झुल्किरह्यो । कारण, डा. केसीका कविताभित्र उनका आमाबुबाको आदर्श व्यक्तित्व धेरै ठाउँमा प्रकटित छ र डा. केसी यिनै आदर्श दम्पतिका ज्येष्ठ सुपुत्र हुन् । उनी अहिले न्युजिल्याण्डमा रहेर आफ्नो उच्च प्राज्ञिक एवम् बौद्धिक क्षमता प्रदर्शन गरिरहेका छन् । विदेशमा रहे पनि उनको चिन्तनको केन्द्रमा नेपाल छ र हरक्षण देशको मायाले पग्लिरहेको अनुभव हुन्छ ।

डा. केसी पेसाले इन्जिनियर ! कहाँ इन्जिनियर को शुष्क पेसा र कहाँ कविताका लागि चाहिने कोमल अनुभूति ! मलाई लाग्छ, यो अनुभूतिको बीज र हार्दिक कोमलता उनीभित्र यिनै दम्पतिको समर्पित र सचेत मायाले जन्माएको हो । डा. केसीको प्रस्तुत सङ्ग्रहलाई मैले पितामाताबाट उनलाई प्राप्त माया र वात्सल्यको स्वाभाविक एवम् सुखद् प्रतिक्रिया मान्छु । यस सङ्ग्रहका अधिकांश कवितामा उनले अनुभव गरेको नैसर्गिक स्नेहकै अभिव्यक्ति छ । त्यो अभिव्यक्ति कतै उनका आमाबुबाप्रति उनले प्रकट गरेको सम्मान र अपनत्वमार्फत व्यक्त भएको छ भने कतै आफ्नी छोरी, पत्नी, दिदीबहिनी, नारीजाति र समग्र मानवप्रति उनले देखाएको असीम प्रेम, अनुराग, मानवीय दृष्टि,

अहिंसात्मक चेत र करूणामार्फत प्रकटित छ ।

छन्दमुक्तता र छन्दोबद्धतालाई आधार मानेर प्रस्तुत सङ्ग्रहलाई दुई खण्डमा विभक्त गरिएको छ । वा भनौँ, शैलीका दृष्टिले प्रस्तुत सङ्ग्रहमा डा. केसीका दुईखाले कविताहरूसङ्कलित छन्- छन्दमुक्त र छन्दोबद्ध ! पहिलो खण्डमा रहेका मुक्तलयका जम्मा ५५ वटामध्ये केही कविता लयविधानका दृष्टिले झण्डै-झण्डै छन्दोबद्ध कविताकै हाराहारीमा देखापर्छन् । सङ्ग्रहमा समाविष्ट बद्धलयका कविता २५ वटा छन्, जुन दोस्रो खण्डमा समाविष्ट छन् । यीमध्ये १२ वटा झ्याउरे लयमा, ३ वटा सवाई लयमा, ६ वटा बालोरी लयमा, २ वटा मारूणी लयमा र २ वटा सेलो लयमा निबद्ध रहेको देखिन्छ । यसरी प्रस्तुत सङ्ग्रहमा जम्मा ८० कविता समाविष्ट छन् ।

सङ्ग्रहको पहिलो खण्डमा पहिलो कविता छ- 'आमा-बाबा' शीर्षकको । प्रस्तुत कवितामा हरेक पितामाताले आफ्ना सन्तानप्रति प्रकट गर्ने कर्तव्यनिर्वाहको प्रसङ्गबाट कविता प्रारम्भ भएको छ र आमाबाबाप्रति उदात्त सम्मान एवम् श्रद्धा प्रकट गर्दै सन्तानका लागि मैनबत्तीको शिखाजस्तो भएर जलिदिने आमाबुबाजस्तो हितैषी यो संसारमा कोही छैन भन्ने निष्कर्षमा कविता समापन भएको छ । दोस्रो कविता 'बाबा' पनि यही भावभूमिमा सिर्जित छ । तेस्रो कविता 'छोरी जन्मँदा म किन रोएँ ?' चाहिँ एउटी आमाको कोणबाट नवजात छोरीको भविष्य कल्पना गरेर पोखिएको आँसुद्वारा सिर्जित छ । हाम्रो समाजमा छोरीप्रति गरिने भेदभाव,

हेलाहोचो र हीनतालाई कविताले विषयवस्तु बनाएको छ । चौथो कविता 'छोरीलाई जन्मदिनको शुभकामना' पनि छोरीप्रतिकै अनुरागको अभिव्यक्ति हो । पाँचौँ कविता 'झण्डाको माया' देशभक्तिपरक छ । यसमा राष्ट्रिय झण्डाप्रतिको गौरव र प्रेम प्रकटित छ । छैटौँ कविता 'एक्काइसौँ शताब्दीका सचेत युवा'ले विकट र असहज परिस्थितिमा समेत लक्ष्यप्रतिको दृढ आस्था बोकेर गतिशील नयाँ युगका सचेत र सक्रिय युवाको आवाज अनि अनुभूतिलाई अभिव्यक्ति दिएको छ । सातौँ कविता 'अब मसाल बाल्नै पर्छ' विसङ्गतिप्रतिको आक्रोश र क्रान्तिचेतले ओतप्रोत कविता हो । यस्तै आठौँ कविता र नवौँ कविता क्रमशः 'युवालाई आह्वान' र 'उठ न उठ अब त' मा अभिधापरक शैलीमा युवालगायत देशप्रतिको कर्तव्यबोधले प्रेरित सबैलाई नवोन्मेषका लागि आह्वान गरेको भाव छ । दशौँ कविता 'केलाइदेऊ गहुँबाट घुन दैव' सामाजिक, पारिवारिक र राजनीतिक विकृति विसङ्गतिको विवरणजस्तो छ र सँगै यी विकृतिबाट आजित बनेर यिनबाट मुक्ति पाउन भगवान्सँग प्रार्थना गरेको भाव छ । एघारौँ कविता 'रगत नमिसिएको एक मुठ्ठी माटो' कविको अहिंसात्मक चेतनाको अभिव्यक्ति हो । हत्याहिंसाले आक्रान्त आफ्नो देशमा कवि रगत नमिसिएको एक मुठ्ठी माटो खोजिरहेका छन् । उनी भन्छन्:

पसिनाले बाटो भिजाउँदै
आँसुले भोक भर्दै
मनमा एउटै आशा बोकी

आँखामा एउटै सपना रोकी
तृष्णाको अथाह सागर बोकेर
म अविच्छिन्न हिँडिरहेँछु
कहाँ छ नखसेको थोपा रगत
त्यहीँको एक मुठ्ठी माटो खोजिरहेछु

बाह्रौँ कविता 'मरेको मान्छे फर्काउन मन छ'मा मरेका प्रियजनलाई फर्काउन चाहेको भाव छ । त्यस्तै तेह्रौँ कविता 'कहाँको यात्रा' मा मानिस मरेपछि गरिने धार्मिक कृत्य र त्यसक्रममा मृतकका आफन्तमा देखापर्ने शोकाकुल मानसिकताको चित्रण छ । मृत आफन्तप्रतिको असीम प्रेमको भाव पनि कवितामा व्यक्त छ । चौधौँ कविता 'तिम्रो र मेरो लकडाउन'मा बम्बैको कालकोठरीमा बलात् बेचिएकी एक युवतीले कोरोना कालको लकडाउन भोगिरहेको व्यक्तिसँग आफू कोठाभित्र थुनिएर सधैँको लकडाउन भोग्नु परिरहेको अवस्थालाई दाँजेको भाव छ । यौनहिंसामा परेर कोठीमा बन्धक बनाइएकी युवती भन्छिन् :

तिम्रो लकडाउनमा झरेको आँसु
र मेरो लकडाउनमा झरेको आँसुको
रंगमा समानता भए पनि
रसमा आकाश पातालको भिन्नता छ
तिम्रो आँसुमा मृत्युको भय छ
मेरो आँसुमा जीवनको भय छ

पन्ध्रौँ कविता 'केसी वीरेन्द्र' प्रसिद्ध प्रगतिवादी कवि भूपी शेरचनको शैलीमा लेखिएको आफैँप्रतिको व्यङ्ग्यचिन्तन हो।

सोह्रौं कविता 'अर्थहीन जीवन' कवि एवम् लोकसाहित्यका अध्येता तुलसी दिवसप्रति समर्पित छ ।

सत्रौं कविता 'आकासी आश्वासन' अल्लारे युवकले प्रेयसीलाई दिने उडन्ते आश्वासनको पोको हो । अठारौं कविता 'थकित भावनाहरु' मा कविको निराश मनस्थिति प्रकटित छ । यस्तै उन्नाइसौं कविता 'सहिदहरूलाई अभिवादन' मा सहिदप्रतिको सम्मान व्यक्त छ । बीसौं कविता 'नवयुगको नवनायक'मा नवयुगका निर्माता मानिने अग्रजप्रतिको आस्था प्रकटित छ । यस्तै एक्काइसौं कविता 'विदेसिने कारण'मा देश छोडेर विदेसिनु पर्नाको कारण खोज्ने प्रयत्न छ । बाइसौं कविता 'म अर्को ध्रुवतारा बन्न चाहन्छु'मा आफ्नो उन्नतिमा ईर्ष्याले जल्नेहरूप्रति व्यङ्ग्य र आक्रोश छ भने तेइसौं कविता 'आफूजस्तै बन' मा व्यक्तिले अरूको नक्कल गरेर ठूलो बन्न खोज्नुभन्दा आफ्नै स्वाभाविक शैलीमा अगाडि बढ्न उचित हुने ध्वन्यर्थ छ । चौबीसौं कविता 'विजयको सूत्र' मा जीवनका गल्ती र त्रुटिहरूलाई सुधार्दै र सिक्दै अघि बढ्नु नै सफलताको सूत्र हो भन्ने भाव छ ।

पच्चीसौं कविता 'विधातालाई बिन्ती' मा भ्रष्टाचारी र अनैतिक व्यक्तिप्रतिको तीव्र घृणा प्रकटित छ । यस्तालाई ऐन कानूनले केही गर्न नसके पनि विधाताले सजाय दिने विश्वासमा उनीसँग यसरी बिन्ती गरिएको छ:

यदि यो गर्न मिल्छ भने हे सर्वशक्तिमान् हामी सबैको यही बिन्ती छ
अर्को जन्ममा उनीहरू सबैलाई चिनारीका लागि एक काने बनाइदेऊ

छब्बीसौँ कविता 'प्रेम र प्रकृतिको गहिराइ' मा विदेशी संस्कृति र नेपाली संस्कृतिको अन्तर्घुलनमा महसुस भैरहेको प्रेम र सहिष्णुताको प्रशंसा गरिएको छ । सत्ताइसौँ कविता 'नातिनीलाई अर्ति' बालकविताकै शैलीमा लेखिएको छ र यसमा नातिनीप्रति हजुरबुबा-हजुरआमाको आत्मीय अनुराग व्यक्त छ । अठ्ठाइसौँ कविता 'अन्तिम सत्य' मा मृत्यु मानव जीवनको अवश्यम्भावी सत्य हो भन्ने भाव प्रकटित छ । यस्तै उनन्तीसौँ कविता 'शुभकामना' मा शुभभावनाको सन्देश छ भने तीसौँ कविता 'छुट्टीको दिनको मजा बेग्लै' मा छुट्टीको दिनमा हुने पारिवारिक जमघट र त्यसबाट प्राप्त लौकिक सुखको अभिधात्मक प्रस्तुति छ । एकतीसौँ कविता 'पति त यस्तो होस्' मा एउटा आदर्श, सहयोगी र आधुनिक विचारले युक्त पतिको परिकल्पना छ । बत्तीसौँ कविता 'महिलामुक्तिको उद्घोष'ले नारी स्वतन्त्रताको पक्षमा वकालत गर्छ भने तेत्तीसौँ कविता 'चुनावी नेता'मा चुनावका बेला नेताहरूले दिने हावादारी र असम्भव आश्वासनलाई काव्यात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

'यसरी स्वस्थ बनौँ' शीर्षकको चौँतीसौँ कवितामा सकारात्मक जीवनशैली र स्वस्थताको रहस्यबारे चर्चा गरिएको छ । यस्तै पैँतीसौँ कविता 'विश्वास गरुँ म कसरी ?' मा एउटा सरल साथी नेता बन्यो भन्दा अपत्यार लागेको भाव छ, किनभने नेपालको राजनीतिमा सरल व्यक्तिका लागि कुनै स्थान छैन र त्यस्तो व्यक्ति नेता बन्नु असम्भव नै छ । छत्तीसौँ कविता 'सापेक्षता' मा अल्बर्ट आइन्स्टाइनद्वारा प्रतिपादित

सापेक्षतावादको सिद्धान्तको सरल र काव्यात्मक व्याख्या छ । सैँतीसौँ कविता 'यो कस्तो सोच' मा नेपाली जनताको खोटो मानसिकताको प्रतिबिम्ब छ । नेपालीहरूको सोच र व्यवहारमै कमजोरी रहेको तथ्य कविताबाट अवगत हुन्छ । अड्तीसौँ कविता 'सपनामा जे देखेँ' नेपाल भूमिका निडर धर्तीपुत्रहरूको सम्मानमा समर्पित छ, जो कविको सपनामा आउँछन् । उनन्चालीसौँ कविता 'नक्कली मान्छे' नेपालीहरूको बोक्रे मानसिकताको यथार्थ चित्रण गरिएको कविता हो । कवि लेख्छन् :

हामीमा न आफ्नो रंग छ न आफ्नो ढंग छ
न आफ्नोपन छ न नेपाली मन छ
आफ्नै शिकार नचिन्ने सिकारीजस्तो
आफ्नै सम्पदा नचिन्ने भिखारीजस्तो
धनका भन्दा मनका गरिब
आफूलाई कहिल्यै नपढ्ने
मात्र अरूलाई पढ्ने
हामी फगत नक्कली मान्छे हौँ ।

चालीसौँ कविता 'पसिनालाई पुकार' प्रवासी नेपालीको स्वदेशप्रेमको नोस्टाल्जिक (भावुक) अभिव्यक्ति हो । यस्तै एकचालीसौँ कविता 'आजका छोराछोरी'मा आमाबाबु मर्दा फेसबुकमा शोक मनाउने आजका कथित आधुनिक छोराछोरीको विडम्बनापूर्ण व्यवहार प्रस्तुत छ । बयालीसौँ कविता 'आजका शिक्षक'मा शिक्षक शब्दमा रहेका तीन अक्षर शि, क्ष र कको अर्थ प्रस्तुत गर्दै शिक्षकको गौरवगान गरिएको छ । त्रिचालीसौँ कविता 'विद्यार्थीका

गुण' मा सरल शैलीमा विद्यार्थीका लक्षण र गुणहरूको बयान छ । चवालीसौँ कविता 'दुःखहरणका उपाय' भगवान् गौतमबुद्धप्रति समर्पित छ, जसमा बुद्धद्वारा उपदिष्ट चतुः आर्यसत्य, अहिंसा र सम्यक् चिन्तनको महत्ता वर्णित छ । यसैगरी पैँतालीसौँ कविता 'कोरोनाबाट यसरी बचौँ' समसामयिक सन्दर्भमा केन्द्रित छ, जसमा कोरोनाबाट बच्ने उपाय र सावधानीको कवितात्मक प्रस्तुति छ । छयालीसौँ कविता 'देश फर्कन आफन्तको अनुरोध'मा विदेसिएका प्रियजनलाई आफ्ना आफन्तले समवेत स्वरमा स्वदेश फर्किनका लागि गरेको अनुरोध वर्णित छ । सत्चालीसौँ कविता 'बोधिवृक्ष'मा भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरेको बोधगयास्थित बोधिवृक्षको वन्दना छ । अड्चालीसौँ कविता 'वसन्त ऋतु'मा वसन्त ऋतुकै सुन्दरताको बयान छ । यस्तै उनन्पचासौँ कविता 'दुवैतिर लगाउन मिल्ने मेरो कोट' गरिब र विवश एक जना बाबुको विवशताको अभिलेख हो, जसमा कोट उसको विवशताको प्रतीकका रूपमा आएको छ । पचासौँ कविता 'बालाई प्रश्न' इँटाभट्टामा काम गर्ने बालमजदूर रामेले आफ्ना बालाई गरेको बालसुलभ प्रश्न हो, तर यो प्रश्न हाम्रा अवसरविहीन र उपेक्षित बालबालिकाले समाजसँग गरिरहेको सवाल पनि हो । एकाउन्नौँ कविता 'चिताको आवाज'मा देहव्यापारमा संलग्न एक जना महिलाको हृदयस्पर्शी जीवनकथालाई काव्यात्मक स्पर्श दिइएको छ । यसले सतीत्व र नारी अस्मिताको पुनर्व्याख्या समेत गरेको छ भन्न सकिन्छ । बाउन्नौँ कविता 'आमाको अन्तिम क्षण' मा आमाप्रतिको

सम्मानको भाव छ । त्रिपन्नौँ कविता 'आमाको आँसु'मा देशका कयौँ छोरीहरूको अनुहारमा एसिड बलेको देख्दा र कैयौँ छोरीहरूका लागि न्याय ढलेको देख्दा आमाका आँखामा आँसुको झरी लागेको कविको ठहर अभिव्यक्त छ । यस्तै चवन्नौँ कविता 'आमाको काखमा दुखेको देश'ले पनि विकृति र विसङ्गतिका यस्तै अनभूतिलाई विषय बनाएको छ । पचपन्नौँ कविता 'अन्तिम इच्छा'मार्फत कविले आफ्ना अन्तिम इच्छाहरू व्यक्त गरेका छन् ।

सङ्ग्रहको दोस्रो खण्डमा लोकप्रचलित छन्दमा रचित कविताहरू छन्, जसमध्ये बाह्र कविता झ्याउरे छन्दमा निबद्ध देखिन्छन् । यिनमा पहिलो कविता छ- 'आमा' । प्रस्तुत कवितामा आमाको निःस्वार्थ माया, त्याग र ममताको महिमा गाइएको छ । दोस्रो कविता 'दिदी बहिनीको यादमा' चाहिँ तिहार र तीजजस्ता हाम्रा सांस्कृतिक चाडपर्वहरूमा विदेसिएका दाजुभाइले गरेको दिदीबहिनीको सुमधुर स्मरणलाई विषयवस्तु बनाइएको छ । तेस्रो कविता 'कहाँ पुग्यौँ नेपाली'मा नेपालीहरूको पारस्परिक वैमनस्य र द्वन्द्वको दुःखद वातावरणका कारण देशको अस्मिता धरापमा परेको र यसले गर्दा आशाको दियो निभ्दै गएको साथै सहिदको रगत अनि विधवाको सिउँदोले जवाफ खोजिरहेको मार्मिक प्रसङ्ग छ । चौथो कविता 'आमाको सम्झना'मा प्रवासी छोराले गरेको आमाको सम्झनाको सन्दर्भ रहेको छ भने पाँचौँ कविता 'म वीर नेपाली' मा राष्ट्रप्रेमको उच्च भावनाले ओतप्रोत वीर नेपालीको उत्साहभावको अभिव्यक्ति छ ।

छैटौँ कविता 'मेरो पुण्यको जन्मभूमि' पनि राष्ट्रभक्तिकै सुन्दर गाथा हो । यसमा नेपालको सांस्कृतिक, धार्मिक र भौगोलिक विविधता एवम् त्यसभित्र गुन्जिइरहेको अनुपम एकताको भाव ध्वनित छ । सातौँ कविता 'सहिदको बलिदान' मा सहिदहरूको राष्ट्रप्रतिको निःस्वार्थ उत्सर्ग वर्णित छ । आठौँ कविता 'बालापनका यादहरू'मा कविको बाल्यावस्थाका सुमधुर स्मरणहरू प्रस्तुत छन् । यस्तै नवौँ कविता 'पतिको नाममा' चाहिँ पतिभक्तिमा समर्पित नारीले पतिको आयुष्य, आरोग्य र सतत कल्याणका लागि व्यक्त गरेका हार्दिक भावनाहरू छन् । दशौँ कविता 'बिछोडको पीडा'मा प्रियसँग बिछोड हुँदाका विरहजन्य अनुभूति प्रस्तुत छन् ।एघारौँ कविता 'परदेशीको कथा' मा गरिबीका कारण विदेसिन बाध्य व्यक्तिको विवशतापूर्ण र दुःखद् अवस्थाको चित्रण छ । बाह्रौँ कविता 'महाभारत संक्षेप'मा महाभारतका कथासारलाई झ्याउरे लयमा बडो मिठो र सरल ढङ्गले प्रस्तुत गरिएको छ ।

झ्याउरे लोकछन्दका उल्लिखित कवितापछि प्रस्तुत छन्- १४ अक्षर हुने सवाई छन्दका तीनवटा कविता ! तीमध्येको पहिलो कविता 'सगरमाथा'मा सगरमाथाको महिमा गायन गरिएको छ भने दोस्रो कविता 'भूपू प्रेमिकाको नाममा' अतीतमा प्रेमबन्धनमा बाँधिएकी प्रेमिकासँग कुनै प्रेमीले गरेको गन्थन प्रस्तुत छ । सवाई छन्दकै तेस्रो कविता 'प्रकृति जोगाऔँ'मा चाहिँ वातावरण संरक्षणको आवश्यकता र महत्त्वको चर्चा छ ।

यसपछि प्रस्तुत छन्- बालोरी छन्दका छ वटा कविता । बालोरी छन्द विशेषगरी बालकविताका

लागि प्रयोग गरिने छन्द हो र यहाँ पनि कविले यही परम्पराको निर्वाह गरेका छन् । यो नेपालीमा निकै थोरै मात्र प्रयोगमा आएको छन्द हो । सात अक्षरको एक पङ्क्ति र चार पङ्क्तिको एक श्लोक हुने यो छन्दको सफलतापूर्वक प्रयोग गरेर कवि डा. केसीले लोकछन्दको प्रयोगमा नवीनता थप्ने प्रयास गरेका छन् । प्रस्तुत छन्दको पहिलो कविता 'उठ भयो बिहानी' मा प्रातः कालमा बालकलाई जगाउनका लागि आमाले गाएका कविताका चार फाँकी रहेका छन् । दोस्रो कविता 'याद आउँछ आमुको' शीर्षकमा छ । यसमा बालसुलभ भाषामा मामाघरकी हजूरआमालाई 'आमु' शब्द प्रयोग गरिएको छ र उहाँकै सम्झना प्रस्तुत छ । त्यस्तै तेस्रो कविता 'मेरी बैनी'मा बैनीको बाललीलाको वर्णन छ । बालोरी छन्दकै अर्को कविता 'जून मामालाई धर्तीमा आउन अनुरोध'मा बालबालिकाले जूनलाई मामा भनेर गरेको सम्बोधन र उनलाई धर्तीमा आई आफूहरूसँग खेल्न गरिएको अनुरोध छ । यस्तै अर्को कविता 'स्वर्ग मेरो देश'मा नेपाललाई स्वर्गसँग दाँज्दै राष्ट्रप्रतिको अपूर्व आस्था प्रकटित छ । अन्तिम बालकविता 'आमा र देश' मा आमा र देशलाई समान स्थानमा राखेर दुवैप्रति अपार सम्मान प्रकट गरिएको छ । बालोरी छन्दका ६ वटा कवितापछि मारूनी छन्दका दुई वटा कविता रहेका छन् । जसमध्ये पहिलो कविता 'छोरालाई देश फर्कन आह्वान'मा आमाले परदेशिएको छोरालाई आफ्नो जन्मदेश फर्कन आह्वान गरेको कुरा वर्णन गरिएको छ भने दोस्रो कविता 'फूल'मा फूलको सौन्दर्यको वर्णन गरिएको छ । सङ्ग्रहको अन्त्यमा

सेलो छन्दका दुई वटा कविता रहेका छन् । सेलो छन्दको पहिलो कविता 'मेरो देश नेपाल'मा कविले आफ्नो देशप्रेम प्रकट गरेका छन् । सङ्ग्रहको अन्तिम कविता 'मेरो दाङ'मा कविले आफ्नो जन्मजिल्ला दाङका बारेमा मिठो वर्णन गरेका छन् ।

यसरी इन्जिनियर कवि डा. केसीका कविताहरूको अनुशीलन गर्दा उनका कविताले विविध भाव र सन्दर्भलाई पक्रेको स्पष्ट हुन्छ । उनी मूलतः प्रेम र आदर्श भावका कवि हुन् । उनले आफ्ना कवितामार्फत् एउटा प्रेमपूर्ण र पारस्परिक सहयोगमा आधारित आदर्श परिवारका साथै करूणा र मानवताले परिपूर्ण अग्रगामी समाजको खोजी गरिरहेको अनुभव हुन्छ । आधुनिकताको नाममा हुर्किँदै गरेका विकृति विसङ्गतिप्रति कविको तीव्र विमति छ भने प्राचीन परम्पराका नाममा देखापर्ने भेदभाव, हेलाहोँचो र अमानवीय व्यवहारप्रति पनि कविको प्रचण्ड आक्रोश छ । उनी नारी समानता र स्वतन्त्रताका पक्षपाती, युवावर्गका उत्प्रेरक, वृद्धवृद्धाप्रति सम्मानभावका उन्मेषक र उदात्त चेतनाका प्रसारक कविका रूपमा देखा पर्छन् । यस्तै नेपालराष्ट्र, नेपाली संस्कृति र नेपाली जातिप्रतिको असीम अनुराग पनि उनका कवितामा यत्रतत्र फेला पर्छ । उनी सक्रिय जीवन, सार्थक परिवर्तन, सिर्जनात्मकता र नवनिर्माणका पक्षपाती कवि पनि हुन् । कोरोना र स्वास्थ्य सचेतताजस्ता समसामयिक सन्दर्भलाई समेत उनले आफ्ना कवितामा समेटेका छन् । कविताको सहजता, निर्भरता र गतिशीलता उनको सबल पक्ष हो भन्ने मेरो ठहर छ । उनका कवितामा प्रसादगुणको आधिक्य, सहज गति

र नैसर्गिक अभिव्यक्ति पाइन्छन् । डा. केसीले जे पोखेका छन्, हृदय पगालेर पोखेका छन् । त्यसैले उनको यो सङ्ग्रह उनीभित्र लुकेको कविको इमान्दार र सहज प्रकटीकरण हो भन्ने म ठान्दछु । म कवि डा. केसीको सफल काव्यसाधनाका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । उनको कलम अझै तिखारिँदै जाओस् र यसले कालजयी कविता सिर्जनामा सफलता प्राप्त गरोस् । उनको लेखनको गति निर्बाध रूपमा अगाडि बढिरहोस् ।

प्रा. डा. सुधन पौडेल
कलंकी, काठमाडौं

# लेखकको भनाइ



साहित्यप्रति रूचि नहुने मान्छे सायद विरलै हुन्छन् होला । ममा पनि सानै उमेरदेखि साहित्यप्रति रूचि थियो । मैले पहिलो कविता महेन्द्र मा.वि. तुलसीपुर, दाङमा कक्षा ८ मा पढ्दा लेखेको थिए । उक्त स्कुलका तत्कालीन प्रधानअध्यापक विष्णुप्रसाद शर्माले ती कविताहरूको प्रशंसा गर्दै लेखनलाई निरन्तरता दिन हौसला दिनु भएको घटना नै मलाई कविता लेख्न प्रेरित गर्ने पहिलो घटना थियो । मेरो कविता लेखनलाई सबैभन्दा बढी हौसला दिने र प्रोत्साहन गर्ने मेरो बुबा–आमा हुनुहुन्छ भने सबैभन्दा बढी साथ दिने र यो संग्रह प्रकाशित गर्न हौसला दिने मेरी श्रीमती डा. सरिता केसी हुन् ।

प्रस्तुत कविता संग्रह 'आमाको काखमा दुखेको देश' भित्र ८० वटा कविताहरू संग्रहित छन् । यस संग्रहमा समावेस गरिएका कविताहरू बद्ध छन्दअन्तर्गत लोक लयमा (झ्याउरे छन्द, सवाई, बालोरी, मारूनी र सेलो) तथा मुक्त छन्दमा (गद्यमा) लेखिएका

छन् । समाजमा विद्यमान विसङ्गति र विकृतिहरूका विरूद्ध तथा आमा–बाबा, आफन्त र आफ्नो देशप्रेमप्रति मनमा उब्जेका तरङ्गहरूलाई कवितामा उनेको छु । कविता कल्पनाको सुन्दर अभिव्यक्ति हो, जसको सुवासले समाजमा सुन्दरता र सजीवता थप्छ भन्ने मान्यता राखेर लेखिएका यी कविताहरूमा निहित सन्देशमार्फत समाजमा प्रकाश छर्ने प्रयत्न गरेको छु । साहित्यिक फाँटमा टेक्दै गरेको पहिलो पाइला भएको हुँदा केही कमजोरी भएको हुनसक्छ । यस तथ्यलाई मनन गर्दै पाठकहरूले उम्रँदै गरेको मेरो साहित्यिक यात्रालाई माया गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

यस कविता संग्रहमा नेपाली भाषाका ज्ञाता साहित्यकार नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक तथा नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक डा. सुधनकुमार पौडेलज्यूले भूमिका लेखिदिनु भएकोमा उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै शुभकामना लेखिदिनुहुने कवि तथा गीतकार दिनेश अधिकारी, ई. प्रा. डा. राजेन्द्रप्रसाद अधिकारी, ई. डा. कृष्णचन्द्र प्रसाद साह, महेन्द्र मा.वि. तुलसीपुर, दाङका पूर्वप्रअ विष्णुप्रसाद शर्माप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रकाशनको सम्पूर्ण जिम्मा लिई आवश्यक सम्पादन गरिदिनुहुने साहित्यपोस्टका प्रधानसम्पादक तथा चर्चित साहित्यकार अश्विनी कोइरालाज्यू र सुन्दर आवरण बनाइदिनु हुने बाबु साइँलाप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस्तै यो कृति प्रकाशनका लागि आवश्यक आर्थिक सहयोग गरिदिनुहुने मेरा सासू-ससुराप्रति

विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा मेरा आमा-बुवाप्रति सम्मान, मलाई साहित्य लेखनमा हमेसा साथ र हौसला दिइरहने मेरी श्रीमती डा. सरिता केसीप्रति धन्यवाद र दुई छोरीहरू यशस्वी र आरोही केसीप्रति अथाह माया व्यक्त गर्दछु ।

भवदीय

डा. वीरेन्द्र केसी

# विषयसूची


मुक्त छन्दमा आधारित कविता

१. आमा–बाबा ३८
२. बाबा ३९
३. छोरी जन्मँदा म किन रोएँ ? ४०
४. छोरीलाई जन्मदिनको शुभकामना ४२
५. झण्डाको माया ४३
६. २१ औँ शताब्दीका सचेत युवा ४४
७. अब मसाल बाल्नै पर्छ ४६
८. युवालाई आह्वान ४७
९. उठन उठ अब त ४८
१०. केलाइदेऊ गहुँबाट घुन दैव ४९
११. रगत नमिसिएको एक मुट्ठी माटो ५१
१२. मरेको मान्छे फर्काउन मन छ ५२
१३. कहाँको यात्रा ५३
१४. तिम्रो र मेरो लकडाउन ५४
१५. केसी वीरेन्द्र ५७
१६. अर्थहीन जीवन ५८
१७. आकासी आश्वासन ५९

| | | |
|---|---|---|
| १८. | थकित भावनाहरू | ६० |
| १९. | सहिदहरूलाई अभिवादन | ६१ |
| २०. | नवयुगको नवनायक | ६२ |
| २१. | विदेसिने कारण | ६४ |
| २२. | ध्रुवतारा बन्न चाहन्छु | ६५ |
| २३. | आफूजस्तै बन | ६६ |
| २४. | विजयको सूत्र | ६७ |
| २५. | विधातालाई बिन्ती | ६८ |
| २६. | प्रेम र प्रकृतिको गहिराइ | ६९ |
| २७. | नातिनीलाई अर्ति | ७० |
| २८. | अन्तिम सत्य | ७१ |
| २९. | शुभ-कामना | ७३ |
| ३०. | छुट्टीको दिनको मजा बेग्लै | ७४ |
| ३१. | पति त यस्तो होस् | ७५ |
| ३२. | महिला मुक्तिको उद्घोष | ७६ |
| ३३. | चुनावी नेता | ७७ |
| ३४. | यसरी स्वस्थ बनौँ | ७८ |
| ३५. | विश्वास गरूँ म कसरी | ७९ |
| ३६. | सापेक्षता | ८० |
| ३७. | यो कस्तो सोच | ८२ |
| ३८. | सपनामा जे देखेँ | ८४ |
| ३९. | नक्कली मान्छे | ८६ |
| ४०. | पसिनालाई पुकार | ८७ |
| ४१. | आजका छोराछोरी | ८९ |

४२. आजका शिक्षक ८९
४३. विद्यार्थीका गुण ९१
४४. दुःखहरणका उपाय ९२
४५. कोरोनाबाट यसरी बचौँ ९३
४६. देश फर्कन अनुरोध ९५
४७. बोधिवृक्ष ९६
४८. वसन्त ऋतु ९८
४९. दुवैतिर लगाउन मिल्ने मेरो कोट ९९
५०. बालाई प्रश्न १००
५१. चिताको आवाज १०१
५२. आमाको अन्तिम क्षण १०३
५३. आमाको आँशु १०६
५४. आमाको काखमा दुखेको देश १०७
५५. अन्तिम इच्छा ११०

बद्ध छन्द आधारित कविता

झ्याउरे छन्द (३+२+३+२+३+३ = १६)

१. आमा ११३
२. दिदीबहिनीको यादमा ११४
३. कहाँ पुग्यौँ नेपाली ११५
४. आमाको सम्झना ११६
५. म वीर नेपाली ११७
६. पुण्य जन्मभूमि ११८
७. सहिदको बलिदान ११९

८. बालापनका यादहरू १२०

९. पतिको नाममा १२१

१०. विछोडको पीडा १२२

११. परदेशीको कथा १२३

१२. महाभारत संक्षेप १२५

सवाई छन्द (१४ = ४ + ४ + ४ + २)

१. सगरमाथा १३८

२. भूपू प्रेमिकाको नाउँमा १३९

३. प्रकृति जोगाऔँ १४०

बालोरी छन्दः (४+३ = ७)

१. उठ भयो बिहानी १४१

२. याद आउँछ आमुको १४२

३. मेरी बैनी १४३

बालोरी छन्दः (४+३+४+३ = १४)

१. जूनमामालाई धर्तिमा आउन अनुरोध १४४

२. स्वर्ग मेरो देश १४५

३. आमा र देश १४६

मारूनी छन्दः (२+२+३+३ = १०)

१. छोरालाई देश फर्कन आह्वान १४७

२. फूल १४८

सेलो छन्दः (२+२+३ = ७)
१. मेरो देश नेपाल १४९
२. मेरो दाङ १५०

विभिन्न अवसरमा कविता वाचन गर्दा लिइएका
तस्बिरहरू १५१
शुभकामना १५६

# मुक्त छन्दमा आधारित कविता

# १. आमा–बाबा

सजाएर मधुर सपना गर्भमा महिनौँ हुर्काउने
प्रसव पीडा सहन गर्दै हामीलाई धर्ती टेकाउने
चोटमै हाँसी भए नि प्यासी आफ्नो छाती चुसाउने
नपुगेमा कोखाई कोखाई ध्रुवतारा झिकाउने ।

काखमा राखी निदरी डाकी माया ममता वर्षाउने
जूनको कथा सुनाएर सुनको सपना देखाउने
ताතेताते तोतेबोली ताराबाजी सिकाउने
हामी लड्नु भन्दा पहिले हात थाम्न भेटाउने ।

असुर जित्न कसुर मेट्न नहटी बढ्न हौस्याउने
विजयी सदा निरोगी बन्नू भनेर आशीष वर्षाउने
आमा–बाबा यी चार अक्षर जीवनमा श्रद्धा सिकाइदिने
ममताका यी चार अक्षर निःस्वार्थ माया मिसाइदिने ।

हामी फल त्यही बोटका तिनै हाम्रा सृष्टिकर्ता
हाम्रो जीवनका दुःख हर्ने तिनै हाम्रा विघ्नहर्ता
चाहे लेखोस् ललाटमा हार हामीलाई जित्ने खुबी दिने
हाम्रो नौका डुब्नै लागे बचाउन छालमै डुबिदिने ।

सन्ततिको खुसी किन्न आफ्नै रगत रित्याइदिने
सपना विपना सारा जीवन हाँसीहाँसी सिध्याइदिने
जलिदिने हाम्रा निम्ति मैनबत्तीको शिखाजस्तो
सृष्टि भरी आमा सरी छैन कोही बुबाजस्तो ।

# २. बाबा

झाले माले गोरू नारी ज्वाली र हलामा
पसिनाले भिजाएर बिऊ रोपी गह्रामा
नथाकेर गोडमेल गर्दै बाली सपार्दै
परिवारको सुखका गीत गाउँछन् बाबा गलामा ।

ऋणको बोझ भए पनि दुःख लुकाई हाँसेर
सन्ततिको लागि आफू मरेसरी बाँचेर
मर्न दिन्नन् बाबा कहिल्यै सन्ततिका सपना
परिवारको खुशी किन्छन् थोपाथोपा साँचेर ।

हाम्रालागि अभावको आँधीबीच लड्दछन्
गन्तव्यमा पुऱ्याउन निरन्तर भिड्दछन्
बाबा यदि साथै भए दुनियाँमा कसैका
दुश्मन पनि हार मानी सारथि भई हिँड्दछन् ।

दुष्टबाट देश बचाउन खुकुरीको धारमा
सन्ततिको भोक मेटाउन माहुरीको घारमा
हर पल संघर्षमै लडाईं उनको अर्को नाम
बाबाजस्तो हुन्न कोही सिपाही संसारमा ।

अनुशासन स्वास्थ्य शिक्षा, परिवारका गौरव
घरका ईंट्टा खेतका आली बाबाकै हुन् पौरख
हाम्रो मान अभिमान मर्यादा र पहिचान
बाबा नै हुन् सीपदीप घरको शान र सौरभ ।

# ३. छोरी जन्मँदा म किन रोएँ ?

(पत्नी डा. सरिताप्रति समर्पित)

सबै भाइ अट्ने बाबाको आँगनमा अट्न नसक्ने
मजस्तै मेरी छोरी
जब जन्मिइन्
मैले नारी हुनुकै कारण सहनु पर्ने
हर हेय र हीनता सम्झेँ ।

मेरो भर्खरको प्रशव पीडा सम्झेँ
हर महिना बेहोर्नु पर्ने रजश्वला सम्झेँ
असुरक्षित ती सहर, समाज र संस्कार सम्झेँ
असन्तुलित ती विधि, विधान र संविधान सम्झेँ
पुरूषभन्दा तुलनात्मक रूपले कमजोर मेरो शरीरका अंग सम्झेँ
एक दिन माइती घर छोड्नै पर्ने रीति र थिति सम्झेँ ।

आफ्नै बाबाको घर आफ्नो नहुने
आफ्नै आमाको थर आफ्नो नहुने
यो छोरी जातिको नियति
जन्मेको घरमा मर्न नहुने ।

जन्म दिने आमालाई रूवाउँदै
परको पुरूषको वर भएर
अञ्जान सहरको
अनिश्चित गोरेटोमा
अनिच्छुक पाइला टेक्नु पर्ने ।

त्यसैले
आफ्नो पुरूष बाबासँग मात्र अनुहार मिल्ने
मजस्तै मेरी छोरी
जब जन्मिइन्
मैले उनीतिर एकटक हेरिरहेँ
नारी हुनुकै कारण उनले गुज्रनु पर्ने
हर कठिनाई एक एक सम्झिरहेँ
अनि आफैँलाई सम्हाल्न नसकी अनन्त रोइरहेँ ।

# ४. छोरीलाई जन्मदिनको शुभकामना

बादलभित्र एउटी परी तारासँग खेल्दै थिइन्
धन्य ईश्वर छोरी भई हाम्रै घरमा आई दिइन्
विशाल संसार अनायासै साँघुरियो उनीमा
उनकै आमा–बाबा बनौं ईश्वर हरेक जुनीमा ।

छोरी तिमी जन्मिएकी आजको यो दिनमा
फूल वर्षा दिपावली होली तिम्रो नाममा
तिम्रो जन्म दिनमा यही हाम्रो चाहना
जुगौँजुग हाँस्दै बाँच मखमली कामना ।

तिमीले टेक्ने पाउभरि राखी दिउँला हातहरू
मुटुभित्र लुकाउँला छेकी दिउँला घातहरू
खुसी सधैँ रहिरहोस् सुनको सुखी जीवन होस्
मोती झर्ने हाँस्दा–बोल्दा यस्तो तिम्रो यौवन होस् ।

आजको यो युगमा तिमीलाई धेरै गर्नु छ
भृकुटी र सीतासरी सुनौलो प्रकाश छर्नु छ
भत्किएका टुक्रिएका नेपाली मन जोड्नु छ
भूगोलका रेखा खोज्दै नयाँ नेपाल कोर्नु छ ।

अँध्यारो छ रूढिवादी गाउँघर गोठमा
छोराछोरी विभेद छ हरेकको ओठमा
लडाइँ होइन बुझाई भत्काउनुछ सिमाना
आशीषसँगै जन्मदिनको फेरि पनि शुभकामना ।

# ५. झण्डाको माया

सानो हुँदा गोठालो जाँदा गाईवस्तु चराउँदा
को हो भन्दै कोइली चरी वनभित्र कराउँदा
मेरो साथ हुन्थ्यो सधैँ चन्द्र-सूर्य मेरो झण्डा
फहराउँथेँ उठाई माथि माथि आफ्नै शिरभन्दा ।

घाँस काट्दा भीर पाखा एकान्तमा डराउँदा
गाईका बाच्छा सल्लाघारी भञ्ज्याङमा हराउँदा
जय भन्दै मेरो झण्डा उठाउँथेँ माथिमाथि
डर भाग्थ्यो क्षणमै आउँथे हराएका पाठापाठी ।

उमेरसँगै झण्डाको माया झ्याङ्गियो लहराउँदै
स्कुल कलेज पढन पुगेँ हातमा झण्डा फहराउँदै
अमर रहोस् झण्डा मेरो चन्द्रसूर्य हुँदासम्म
माथि उठिरहोस् सधैँ आकाश त्यो छुँदासम्म ।

आज मैले देशको झण्डा विदेशमा फहराउँछु
जहाँ पुगूँ संसारमा मेरो झण्डा लहराउँछु
आश गर्छु अन्तिम सास म यही झण्डा हेरी मरूँ
तर शंका गर्छन् मलाई हिजो झण्डा च्यात्नेहरू ।

# ६. २१ औँ शताब्दीका सचेत युवा

थकाई
हार
र
लक्ष्यहीन जीवन
हामीलाई कीमार्थ स्वीकार छैन ।

एकै पाइलामा लक्ष्य भेटियोस्
त्यो पनि हामी चाहँदैनौँ
लक्ष्यमा पुग्दा
खुट्टा दुखेको अनुभूति हुँदैन भने
त्यो प्राप्तिको के मजा ?

त्यसैले
हामी अप्ठेरोमै लक्ष्य चुन्छौँ
र
त्यो प्राप्तिको यात्रामा
दिनरात नभनी
अनवरत तल्लिन रहन्छौँ ।

कठिनाई चिर्दै
लक्ष्यमा लम्किएका पाइलाहरू
एक निमेष रोकिने छैनन्
आकांक्षा र महत्वाकांक्षा
स्वाभिमान र अभिमान

यी सबै घोलिएको रगत
हाम्रा धमनीहरूमा
हरपल उर्लिरहन्छ ।

हामी मनमा बुद्ध
मुटुमा बलभद्र
र
मस्तिष्कमा सचेतना बोकेर उर्ली हिंड्ने
२१ औँ शताब्दीका सचेत युवा हौँ ।

# ७. अब मसाल बाल्नै पर्छ

आफ्नै आमालाई तीर हान्न तैनाथ शिखण्डीहरू
आफ्नै आमाको अस्मिता व्यापार गर्न तल्लिन पाखण्डीहरू
अझै शान्तिका परेवा उडाउन लामबद्ध उनै खुनीहरू
सधैँ ओझेलमा बुद्ध र शालिनताका ध्वनिहरू
श्रमिकहरू तर्तरी पसिना चुहाउने तर भोकै सुत्ने
मुट्ठीभर मालिकहरू बुट बजार्ने अनि लुट्ने
धनीलाई सब थोक गरिबलाई गाई न गोठ
खै कहाँ हटेको छ निरंकुशता र सामन्तको भूत
खै कहाँ छ आलोचना गर्न मात्र पनि छुट
आफ्नै मातृभूमिलाई वध गर्नेहरूलाई टिपेर फाल्न नपाइने
आफ्नै माटोमा मौलाएका ऐँजेरूहरू उखेलेर बाल्न नपाइने
लाखौँ तरूणहरू विवशतामा जकडिएर पर हुत्तिएका
सर्पझैँ शासकहरू सिंहासनको सुखमा मात्तिएका
दुष्टलाई शासककै साथ
नारीलाई दिनमै रात
न्याय कहिल्यै नब्युँझने
अन्याय कहिल्यै ननिदाउने
देवालयमै दैत्यको ताण्डव
न राम देख्छु न कृष्ण पाण्डव
भो अब यो कालो रात ढाल्नै पर्छ
हो अब हाम्रा हातमा मसाल बाल्नै पर्छ ।

# ८. युवालाई आह्वान

नून माग्दा सुन दिने झुटो सपना बाँड्नेहरू
सप्तरंगी सपना देखाई दाजुभाइ भाँड्नेहरू
होस गर भइसके जनता फुट र चटक चिन्ने
डाइनोसरझैं मेटिनेछौ अब पनि ढाँट्नेहरू ।

रोजगारीको आशा देखाई बेरोजगार गन्नेहरू
फगत वाचा काम चाहिँ भोलि भोलि भन्नेहरू
हाम्रो देशको राजनीतिमा विस्थापित यी हुनैपर्छ
चुनावको बेला मात्र बाटो-कुलो खन्नेहरू ।

माफिया र गुण्डा अनि दुष्टसँग साइनो जोड्ने
सुशासनको कुरा गर्ने कुशासनले सीमा तोड्ने
अझै पनि उनै नेता उनै टिक्ने उनै बिक्ने
जाग युवा चेत लिई लक्ष्य बनाई इतिहास मोड्ने ।

थोरै पढाइ न त जागिर हिजोसम्म चप्पल लाउने
आज बस्छन् महलमा उनै हाम्रो देश चलाउने
यस्ता नेता नफेरेसम्म देशको मुहार फेरिँदैन
ब्युँझ युवा अबेर भयो देशमा नयाँ दीप जलाउन ।

# ९. उठन उठ अब त

माछापुच्छ्रे सुनधारा
बिउँझ भन्छ जूनतारा
भोलि भन्दै दिन गयो
आश तिम्रो क्षीण भयो
उठन उठ अब त
हाँस्नै थाल्यो सारा जगत ।

उन्यूँ फल्छ धनीलाई ढुङ्गा नि टुसाउँछ
हुरीले धुरी खोलाले खेत गरिबकै बगाउँछ
मेरो सरकार सुनिदे बेघरको आवाज
कहिले आउँछन् दिन हाम्रा जीवन हुन्छ सहज
हामीलाई सास्तीले सताउने
तिमी सधैँ निदाउने
उठन उठ अब त
हाँस्नै थाल्यो सारा जगत ।

कर्णालीको भोको पेटले तिमीलाई बोलाउँछ
घण्टाघर घरी–घरी तिमीलाई टोलाउँछ
सिंहदरबार सुनिदे झुपडीको आवाज
शिक्षा स्वास्थ्य चाहियो रे गाँस, बास र कपास
डाँडापारि दिन गै सक्यो
अबेर धेरै भै सक्यो
उठन उठ अब त
हाँस्नै थाल्यो सारा जगत ।

# १०. केलाइदेऊ गहुँबाट घुन दैव

कुकुर पुग्यो चन्द्रमामा बाँदर अझै जुम्रा खान्छ
मकै चोर्छ बारीबारी मन्दिरबाट केरा तान्छ
उस्तै चोर बिरालो छ दुधभित्र तर खोज्ने
छाडिएको साँढेजस्तो मिठो मिठो बाली रोज्ने
उपियाँ र उडुस उस्तै मच्छडका धुनहरू
भोका जुका सल्बलाउँदै खोज्छन् यहाँ खुन अरू
वर्षात्ले माया गर्छ नदी भन्छ घर खेत मेरै
फूल फुल्छ रस न रङ पत्र भन्दा काँडा धेरै
कमिलाको बिहेभोज जन्ती बनी हात्ती लाम
बिरालो र कुकुर पनि मिल्दारैछन् भोज खान
मान्छे मात्र कहाँ हो र कोइली कागको अण्डा चोर्छ
विचित्र छ संसार हाम्रो जति बुझ्यो उदेक लाग्छ
पति हेर्छन् पत्नीतिर मानौँ निकै माया गर्छन्
कसलाई थाहा घरबाहिर फेर्दै कति बारी चर्छन्
पत्नी के कम पतिव्रता अरूको पोई राम्रो देख्ने
संगीका चाहिँ मन बुझ्ने आफ्नो भने चाम्रो देख्ने
श्रीमती र सन्तानकै माया गर्छन छोरा पनि
कहाँ के छन् बाबा–आमा मतलब छैन एकै घडी
छोरी तोरी उस्तै रैछन् यता तान्दा उता जाने
बिहे पहिल्यै पति प्रिय बाबा–आमा पराई ठान्ने
नेताजीको एउटै ध्यान पक्की महल जसरी नि
बुढियालाई सुनैसुन राम्रो साडी कसै'री नि
माफियाको कुरै छाडौँ नेताजीको भान्छासम्म
देश शहर उनकै हात भेषदेखि भाषासम्म
व्यापारी त जम्मै जाली तराजुमै छल उनको

स्वार्थ निम्ति सरकार किन्ने गज्जबको छ हल उनको
सरकार पनि कस्तो हाम्रो परिवारले भरिएको
आफन्तलाई मात्र छान्दै नियुक्तिमा पारिएको
स्कुल थोरै पार्टी धेरै शिक्षकको जागिर कस्तो ?
के पढाउनु बेच्ने युवा तर्क दिन माहिर जस्तो
विद्यार्थीलाई पढाई–लेखाई कापी कलम बालै छैन
टायरसँगै आफ्नो भोलि जलिराछ चालै छैन
इन्जिनियरको डिजाइन कस्तो आफ्नै घर चुहिरा'छ
वकिलको बहस हेर्‍यो हरेक मुद्दा तुहिरा'छ
कविज्यूको कलममा कविताको गन्ध छैन
राजनीतिले नछोएको पत्रिकाको अंश छैन
कस्तो रोग लाग्यो हरे बिरामीदेखि डाक्टर भाग्छन्
तपस्यामा ध्यान छोडी तपस्वी पनि कन्या ताक्छन्
कर्णालीको पानीभित्र रङ देख्छु रगतको
बादलको ओसभित्र आँशु देख्छु जगतको
न त सफा जून देख्छु न त शुद्ध सुनहरू
दैव तिमी केलाइदेऊ गहुँबाट घुनहरू ।

# ११. रगत नमिसिएको एक मुट्ठी माटो

मेरो गाउँको चौतारीमा
शुद्ध एउटा बुद्ध बनाउन
म मेरो भूगोलभरि
रगत नमिसिएको
एक मुट्ठी माटो खोजिरहेछु ।

पसिनाले बाटो भिजाउँदै
आँशुले भोक भर्दै
मनमा एउटै आशा बोकी
आँखामा एउटै सपना रोकी
तृष्णाको अथाह सागर सङ्गालेर
म अविच्छिन्न हिँडिरहेछु
कहाँ छ नखसेको थोपा रगत
त्यहीँको एक मुट्ठी माटो खोजिरहेछु ।

कतै सल्लाघारीझैँ सुसाउँदै
कतै घनघस्याझैँ आकासिँदै
कतै अवरोधका चट्टान छिचोल्दै
एक दिन अवश्य पुलकित हुन
एक दिन अवश्य प्रफुल्लित हुन
मनमा झुटो मृगमिरीचिका पालेर
आशाको ननिभ्ने दीप बालेर
म लामो यात्रा हिँडिरहेछु
कहाँ छ रगत नछर्केको भूमि
त्यहीँको एक मुट्ठी माटो खोजिरहेछ ।

# १२. मरेको मान्छे फर्काउन मन छ

मरेको मान्छे फर्काउन मन छ
भनिदेऊ न दैव कति कुद्नु पर्छ
पुजेकै छौं त फर्काइदेऊ भनी
भनिदेऊ न अझै कुन देव पुज्नु पर्छ ।

तैयार तारा सिध्याउन गनी
समुद्र सारा सुकाउन पनि
आकाशको सूर्य भुईं झारिदिऊँ कि
दुई ध्रुव थिची एक पारिदिऊँ कि
भनिदेऊ न मैले के गर्नु पर्छ ?
मरेको मान्छे फर्काउन मन छ ।

आकाश पट्याई चकटी बनाउँ कि ?
अञ्जुलीमा सारा बादल खन्याउँ कि ?
फेरूँ कि दिन रात सूर्यको चक्र
उदाउने पश्चिम अस्ताउने पूर्व
भनिदेऊ न मैले के गर्नुपर्छ ?
मरेको मान्छे फर्काउन मन छ ।

घरभित्रै हुरी छिर्दा नरोक्ने
नफक्री फूल झर्दा नदेख्ने
कहाँ बस्छौ दैव म त्यहीँ आऊँ कि ?
यहीँबाट बिन्तीपत्र पठाऊँ कि ?
भनिदेऊ न मैले के गर्नु पर्छ ?
मरेको मान्छे फर्काउन मन छ ।

# १३. कहाँको यात्रा

राम नाम लेखेको कपडा देखेँ बजारमा
हेरेँ एक टकले राखेँ भरेँ नजरमा
फर्की घर राति सुत्नुअघि सोचेँ
कहाँ जाला त्यो टालो घाटमा वा मन्दिरमा ।

बिहान सबेरै फूललाई हेर्दै थिएँ म छोई
आयो किन्यो गयो फूलको गुच्छा कोही
हाँस्दो फूल हातमा लिई किन होला
दौडिदै ऊ गयो सुँक्क-सुँक्क रोई ।

अलि छिटो दिनुस् साहुजी अबिर टीका
धुप पनि दिनुस् केही गेडा तिलका
भन्दै सामान किन्दै थियो जसले उस्को
किन थियो होला मुहार त्यति फिक्का ।

थियो जाडो माघको त्यसै माथि झरी
बटुल्दै थिए कोही दाउरा वरिपरि
किन भारी नपुऱ्याई उनी गए होलान्
समाई हातमा मुढा एक-एक गरी ।

# १४. तिम्रो र मेरो लकडाउन

चीनको उहान सहरबाट सुरू भएको
कोरोना भाइरसको त्रासदिले
सारा संसार छोपिदिंदा
संक्रमण अरू नफैलियोस् भनेर
आफ्नै घरमा केही समयको लागि
तिम्रो लकडाउन सुरू भयो ।

बच्चा र आमामध्ये
एउटालाई मात्र बचाउन सक्ने
चिकित्सकको कुरा सुनेर
आफू मरेर मलाई जन्म दिने
मेरी आमाको मृत्युपछि
अर्की बिहे गरेर बाबा अर्कै भइदिंदा
सौतेनी आमाबाट जब म बेचिएँ
बम्बैको कालकोठीमा
मेरो लकडाउन सुरू भयो ।

तिम्रो लकडाउन
हरेक अखबारका पानाहरूमा छ
मेरो लकडाउन
फगत कविता र गानाहरूमा छ
तिमीलाई सम्भावित मृत्युबाट बचाउन
संसारले रक्षक बनेर हात फैलाएको छ
मलाई भने त्यही संसारले

भक्षक बनेर पलपल मेरो जवानी मैलाएको छ ।

तिम्रो लकडाउनमा झरेको आँसु
र मेरो लकडाउनमा झरेको आँसुको
रंगमा समानता भए पनि
रसमा आकाश पातालको भिन्नता छ
तिम्रो आँसुमा मृत्युको भय छ
मेरो आँसुमा जीवनको भय छ ।

तिम्रो लकडाउनको अन्त निश्चित छ
मेरो लकडाउनको अन्त अनिश्चित छ
तिम्रो लकडाउनको सीमा
भाइरसको अन्तसँग जोडिएको छ
मेरो लकडाउनको सीमा
मेरो जीवनको अन्तसँग जोडिएको छ ।

म चाहन्छु
तिमीलाई तिम्रो लकडाउनबाट
छिट्टै बाहिर निस्कनु परोस्
मलाई भने मेरो लकडाउनबाट
जीवितै बाहिर निस्कन नपरोस्
किनकि तिम्रो लकडाउनको दुनियाँमा मान छ
मेरो लकडाउनको दुनियाँमा अपमान छ
तिमीले लकडाउनबाट मान कमाएका छौ
मैले लकडाउनबाट बदनाम कमाएकी छु ।

तिम्रो लकडाउन
अन्त मात्र होइन अन्तिम भइदियोस्

विज्ञानले यस्तो चमत्कार गरिदियोस्
कि फेरि कहिल्यै मानिसले
घरभित्रै बन्धक बस्नु नपरोस्
तिम्रोजस्तै
मेरो लकडाउन पनि अन्तिम भइदियोस्
मानवमा मानवता मौलाओस्
महिला प्रतिको विषालु नजरको अन्त होस्
ताकि फेरि मजस्तै अरू कुनै चेली
यसरी कालकोठीभित्र
लकडाउनमा बस्नु नपरोस् ।

# १५. केसी वीरेन्द्र

(भूपि शेरचनप्रति समर्पित)

अन्तरा मिल्दैन मेट्नै पऱ्यो
भाव दिँदैन केर्नै पऱ्यो
कयौँ केरमेटपछि थोरै मन पऱ्यो
अनि बल्ल लेखाई अघि बढ्यो
एक दुई दिनपछि फेरि हेऱ्यो
खै के नमिलेजस्तो फेरि केऱ्यो
केर्दै मेट्दै सुस्केरा फेर्दै हे ईन्द्र !
सम्झदै भूपि कविता जोड्दै केसी वीरेन्द्र ।

# १६. अर्थहीन जीवन

(कवि तुलसी दिवसप्रति समर्पित)

अर्थहीन मेरो जीवन उडिराछ भुवा जस्तो
गन्धभित्र मन्द विष चुरोटको धुँवा जस्तो
बन्छु भन्थेँ जूनकीरी जीवन किन आज यस्तो
आफैँभित्र तिर्खाएको मरूभूमिको कुवा जस्तो ।

घुम्ती बनी मैले हिँड्ने बाटो वर सरिदिन्छ
उकालोको यात्रा पनि ओरालो भै झरिदिन्छ
उचालेर पाइला टेकूँ चाहे अघि चाहे पछि
बाटै दोषी भयो क्यारे सधैँ पछि पारिदिन्छ ।

उक्लुँ भन्छु तर पहाड आफैँ तल भासिदिन्छ
नियति नै खोटी छ कि चोट मात्र गाँसिदिन्छ
कहाँ जाऊँ दुःख बिसाउन कसले मलम लगाइदेला
आफ्नो सोच्छु जस्लाई ऊ नै मेरो पीरमा हाँसिदिन्छ ।

रोदन मात्र लेखिएका मेरो जीवनका पानाहरू
हाँसूँ भन्छु तर गाउनु पर्छ विरहका गानाहरू
के थियो र दोष मेरो दैव दिन्छस् थपी–थपी
पाथी भरी दुःख अनि सुखका खाली मानाहरू ।

दाबी गर्छस् ईश्वर तैँले मेरो जीवन तेरो भनी
जति पुजूँ हरघडी आँसु दिन्छस् गनी–गनी
यसमै खुसी मिल्छ भने मेरो बिन्ती यही देव
तोक्दे आजै अन्तिम दिन फेरि जन्म नहोस् पनि ।

# १७. आकासी आश्वासन

भुइँचालोको चिन्ता नलेऊ आकाशमा घर उठाउँला
लोडसेडिङ बाल मतलब कोठा–कोठा तारा जोडौँला
आँगनमा सूर्य नारायण बैठकीमा चन्द्रमा
बादलपारि घुम्न जाउँला हरेक पन्द्रमा ।

बाढी भेल सुर्ता सखाप पहाड न पैरो आकाशमा
शिशिरसित सधैँ जित सूर्य–चन्द्र आफ्नै आँगनमा
रात दिन झिलमिल तारा दिपावली छिनछिन
हङकङ पेरिस घुम्न जाउँला हरेक दिनदिन ।

तिम्रो मेरो माया मिसाई मायाको महल उठाउँला
पिरतीले छानो छाउँला स्नेहले कोठा सजाउँला
आकाशमा खेत न खेती माया खाउँला–पिउँला
बादलभित्र लुकामारी खेल्दै जिउँला ।

वरिपरि देवालय घर हुनेछ मन्दिर
मझेरीमा सुखको स्वर्ग धुरीमाथि सुखकै गजुर
तिमी मेरी सीताजस्ती म हुनेछु रामजस्तो
हाम्रो बस्ती देवताको पुण्य धामजस्तो ।

# १८. थकित भावनाहरू

ओसिएका आँखाभरि बाफिएका सपनाहरू
मक्किएका मनभरि रापिएका भावनाहरू
किन लाग्छ सपना आज आँसु बनी खस्लाजस्तो
कलेजीका कुना-कुना मुटुभित्रै डस्लाजस्तो ।

काला नीला ओठभरि थाकिएका हाँसोहरू
सम्झनाको तरेलीमा ढाकिएका नासोहरू
किन लाग्छ हाँसो आज ओठबाट झरेजस्तो
सेता निरस दाँत लाग्छ सफेद कात्रो ओढेजस्तो ।

ठेलमठेल भिडमा पनि एक्लिएका मान्छेहरू
रोदनभित्र उम्लिएर पग्लिएका मान्छेहरू
यस्तो लाग्छ मान्छे आज आफैँसँग भिडेजस्तो
थोरै जिउँदै धेरै मर्दै लास उठी हिँडेजस्तो ।

बुझ्नै गाह्रो जिन्दगानी नबुझेरै सक्किई जाने
रहरभरि जिउने तृष्णा नमेटेरै बगी जाने
यस्तो लाग्छ जीवनभन्दा सजिलो छ मृत्यु चिन्न
त्यसैले त रोटीभन्दा सस्तो यहाँ विष किन्न ।

# १९. सहिदहरूलाई अभिवादन

सिंगो देश पिँजडामा बन्दी रहेको बेला
मानिसका उड्न पाउने अधिकारका पखेटा काटिएको बेला
स्वतन्त्रताका हरेक सीमाहरूमा डढेलो लगाइएको बेला
लोकतन्त्रको अटुट तृष्णा बोकेर
आँखामा मुक्तिको उज्यालो सपना सजाएर
दासता र निरंकुशताका जंजीरहरूबाट
सम्पूर्ण देशबासीहरूलाई मुक्त गर्ने
अटल तपस्या र संकल्पसहित
आन्दोलनको आँधी बोकेर
क्रान्तिको ज्वालामा परिवर्तनको आगो बनेर
गलामा फाँसीको माला भिरेर
हरेक थोपा रगत देशलाई भेटी चढाउँदै
हाँसी–हाँसी स्वाहा हुन मञ्जुर
नेपाल आमाका बलिदानी छोराहरूको
अमर आहुति र सहादतलाई
अन्तःस्करण देखिको हार्दिक अभिवादन ।

# २०. नवयुगको नवनायक

भ्रष्ट, खुराफाती र पाखण्डीहरूले
सदियौँदेखि ओगटिराखेको
राजनीतिक सत्ताको मञ्चमा
मानसिक र शारीरिक ऊर्जाका साथ
तिमी नवयुगको नवनायक बनी
एउटा रचनाशील मुद्दा बोकेर आइदेऊ
जसले पूरै समाजलाई उद्वेलित गर्न सकोस् ।

राज्यबाट क्रूर उपेक्षामा पारिएका
दूर-दराजमा अलपत्रमा परेका
आफ्नै भविष्यमाथि आशा मारेर
बिजोगको जीवन बाँचिरहेका
जनताको उन्नतिका लागि
सम्भावनाका मिठा दृष्टिका साथ
प्रभात र प्रकाश बोकेर आइदेऊ
जसले सिंगो युगलाई दिशा दिन सकोस् ।

स्वदेशमै जिउने चाहना हुँदाहुँदै
मात्र जीविकोपार्जनका लागि
जीवनको उर्वर समयमा
विदेशमा रगत र पसिना बगाउन विवश
युवाहरूको काम र मामको सुनिश्चितताका लागि
आशा र भरोशाको साथ
तिमी नवयुगको नवनायक बनी

देश प्रेमको मूल फुटाएर आइदेऊ
जसले देशको पूरै काँचुली फेर्न सकोस् ।

जनताको मञ्चमा उभिएर
विसंगति र कुरीतिहरू बहिष्कार गर्दै
गरिबी र पछौटेपनलाई तिरस्कार गर्दै
आस्था र निष्ठाका साथ
तत्परता र तपस्याका साथ
उदारता र बौद्धिकताका साथ
कृतज्ञता र क्रियाशीलताका साथ
साहस र समाधानका साथ
तिमी नवयुगको नवनायक बनी
नयाँ अध्याय बोकेर आइदेऊ
जसले पूरै इतिहास बदल्न सकोस् ।

इन्द्रेणीजस्तो हाम्रो समाजलाई
कहिल्यै पराधीन नभएको हाम्रो सभ्यतालाई
विदेशीहरूको प्रयोगशाला हुनबाट रोक्न
यहाँ अर्को उथलपुथलको खाँचो छ
हातमा क्रान्तिको राँको बोकेर
सम्झौता र समर्पणमा नझुक्ने अठोटका साथ
तिमी नवयुगको नवनायक बनी
नयाँ युगको अगुवाई गर्न आइदेऊ ।

# २१. विदेसिने कारण

देश छोडी विदेसिने रहर कसलाई हुन्छ
नबुझेझैँ गछ्र्यौ तिमी भनै मन रून्छ
बिदा देऊ मायालु जान्छु मन बुझाउनू
बाँचे आउँला मरे पनि लाश मेरो देशमै मगाउनू ।

एउटा सानो भाको घर हरेक वर्षा चुन्छ
दुःख जम्मा पाऱ्यो भने आकाश नै छुन्छ
लेख्या छ कि मायालु विदेशमै कमाउनु
बाँचे आउँला मरे पनि लाश मेरो देशमै मगाउनू ।

साउको ऋण घर धितो बाबा–आमा रोगी
छानो छैन मानो छैन कर्मै रैछ जोगी
तलब बुझी मायालु पठाउँला रमाउनू
बाँचे आउँला मरे पनि लाश मेरो देशमै मगाउनू ।

दुई–चार पैसा कमाई गरौँ घरको छानो टालौँ
नयाँ लुगा लगाऊँ वर्षौं पुरानालाई फालौँ
यत्ति सपना यो मनमा घरको दुःख भगाउनू
बाँचे आउँला मरे पनि लाश मेरो देशमै मगाउनू ।

# २२. ध्रुवतारा बन्न चाहन्छु

तिमी मलाई उपेक्षा गर्छौ
र त ममा झन्–झन् अपेक्षा बढ्छ
तिमी मेरा जुनै जीतहरूमा पनि जल्छौ
र त मलाई झन् चम्किएर बल्न मन लाग्छ ।

यहाँ दूरका दुश्मनहरूले त
केवल वचन र कुराले मात्र घोच्दारहेछन्
तर आफ्नै वरिपरिका आफन्तहरूले भने
चक्कु र छुराले नै रोप्दा रहेछन् ।

हे संसारभर फैलिएका
मेरा आफ्ना हुन नसकेका आफन्तहरू हो
तिमी मेरो विजयमा जति आँशुको असार वर्षाउँछौ
त्यो भन्दा बढी हाँसोको 'कसार' वर्षाउनेहरू पनि छन् मेरा ।

तर पनि म दुश्मनहरूको लागि गाली
र मित्रहरूका लागि ताली वर्षाउन जान्दिनँ
सबैको जीवनमा थपिनु पर्छ रे लाली
मेरी आमाले यत्ति सिकाएकी छन् खाली
त्यसैले म मेरो जितमा जल्नेहरूको छट्पटी
र मेरो नाममा बालिएका दीपावली
सबैमा एकै प्रकारले प्रकाश छर्न
क्षणभंगुर झिल्का होइन
संसारभर एकैसाथ देख्न सक्ने
अर्को ध्रुवतारा बन्न चाहन्छु ।

# २३. आफूजस्तै बन

नील आर्मस्ट्रङ बनेर चन्द्रमा घुम्ने
युरी गागरिन बनेर अन्तरिक्ष चुम्ने
तेन्जिङ वा एडमन्ड बनेर सगरमाथा चढ्ने
न्युटन, डार्बिन वा आइन्स्टाइन बनेर विज्ञान बदल्ने
यस्तै रंगीन र अनगिन्ती सपनामा
म वर्षौं भुलिरहेँ ।

कहिले गान्धी, मण्डेला वा लिङ्कन
कहिले बिपी, जिपी वा मदन
कहिले नारायण–गोपाल वा गोपाल–योञ्जन
आदि बन्ने सपनामा
म वर्षौं लठ्ठी रहेँ ।

कहिले देवकोटा, भूपी वा सम
कहिले अरूणा, पारिजात वा पासाङ
कहिले म्याराडोना, पेले वा रोनाल्डो
आदि बन्ने झुटो सपनामा
म यति गहिरो निद्रामा पुगिसकेछु कि
ब्युँझदा आफैँ बन्ने समय बाँकी थिएन ।

त्यसैले कल्पनाको शिखरमा रम्नु भन्दा
यथार्थको धरातलमा टेक्न सिक
अरूजस्तै बन्ने अशेष कोसिसमा
केही पनि बन्न नसक्नु भन्दा
आफूजस्तै बन्ने निरन्तर कोसिसमा
अरूजस्तै विशेष बन्न खोज ।

# २४. विजयको सूत्र

आफ्नै साथीसँगी जब आरिसमा जल्न थाल्छन्
आफू बिल्कुल एक्लो जस्तो आफ्नै खुट्टा गल्न थाल्छन्
त्यस्तो बेला आफूलाई सम्हाली जो अघि बढ्छ
उसकै जित गीत बन्छ उसकै दुश्मन ढल्न थाल्छन् ।

एक पाइला पछि पर्दा दुई पाइला जो अघि बढ्छ
उल्टै बाटो हिँड्न तयार जब सुल्टो तल झर्छ
भीर पाखा नभनेर अघि बढ्छ निरन्तर जो
ऊ नै पुग्छ चुचुरोमा ऊ नै जिती मात्र मर्छ ।

आँधी आओस् चाहे बाढी सम्झौतामा झुक्दैन जो
अविच्छिन्न चालिरहन्छ पाइलाहरू रोक्दैन जो
मनमा जितको भोक बोकी लक्ष्यमा जो आँखा गाड्छ
ऊ नै जित्छ खेल सदा हिम्मत गर्न चुक्दैन जो ।

स्वीकार गरी सुधार्छ जो जान अञ्जानमा गल्ती भए
हरेक पल तौलन्छ जो जिन्दगीका सुर र लय
चाहे हारोस् सयौँ खेल छोड्दैन जो कोसिस गर्न
उसकै हुन्छ जीवन सफल उसकै हुन्छ जय जय ।

# २५. विधातालाई बिन्ती

हरेक भ्रष्टाचारीलाई लाग्दो हो कि मरेर जाँदा ससम्मान जान पाइयोस्
आफूले यहाँ कमाएको जे जति धन सम्पत्ति छ आफूसँगै लान पाइयोस्
त्यति मात्र कहाँ हो र सायद उनीहरूलाई यो पनि अवश्य लाग्दो हो कि
मरेर गए पनि आफ्नो एघारौँ दिनको काट्टोसमेत आफैँले खान पाइयोस् ।

हे ईश्वर ! मृत्युपछि भ्रष्टाचारीका हरेक खाताहरू उनैसँग जाने बनाइदेऊ
उनका कर्तुत र कुकर्मका प्रत्येक पानाहरू उनैले साथ लाने बनाइदेऊ
यहाँ त ठूला भ्रष्टाचारीहरूलाई कारवाही हुने युग नै समाप्त भैसकेजस्तो छ
त्यहाँ भने एक-एक हिसाब गरेर दोषीलाई सधैँभरि मागेर खाने बनाइदेऊ ।

हे भगवान् ! मृत्युपछि हरेक भ्रष्टाचारीलाई नर्कमा नै जाने बनाइदेऊ
सजाय यति कठोर देऊ कि घुसको नाममा एक सुक्को नखाने बनाइदे
ऊ
यदि यो गर्न मिल्छ भने हे सर्वशक्तिमान् हामी सबैको यही बिन्ती छ
अर्को जन्ममा उनीहरू सबैलाई चिनारीका लागि एक काने बनाइदेऊ ।

# २६. प्रेम र प्रकृतिको गहिराइ

हाम्रो जन्मभूमि उनीहरूको प्रवास
उनीहरूको जन्मभूमि हाम्रो प्रवास
हामी नपुगेको देश न छ उनी नपुगेको देश
उनको देशभित्र सयपत्रीझैँ एकअर्कालाई नबिझाई मिली बसेका हामी
हाम्रो देशभित्र सयपत्रीझैँ एकअर्कालाई नबिझाई मिली बसेका उनी
को सरहद यताको को सरहद उताको
सबैको मुटुमा मन अनि सबैको मनमा आ–आफ्नो देश
जो जहाँ छौँ आ–आफ्नो राष्ट्रिय झण्डा फरफराइरहेका छौँ
जो जहाँ छौँ आ–आफ्नो राष्ट्रिय गीत गुन्गुनाइरहेका छौँ
मानौं सबैका राष्ट्रिय झण्डाहरू संसारभर फैलिएका
मानौं सबैका राष्ट्रिय गीतहरू संसारभर फैलिएका
उही हावाले सबै झण्डाहरू स्पर्श गर्छ
उही संगीतले सबै गीतहरू गुन्गुनाउँछ
कोसौँ टाढा समुद्रको पानीमा
हामी पग्लिएर आएको हाम्रो हिमालको अंश देख्छौँ
कोसौँ टाढा हिमालका हिउँहरूमा
उनीहरू बाफिएर आएको तिनको सागरको अंश देख्छन्
यही नै हो प्रेम र प्रकृतिको अन्तरघुलन
यही नै हो प्रेम र प्रकृतिको गहिराई ।

# २७. नातिनीलाई अर्ति
(ससुरा बुवा कमल केसीप्रति समर्पित)

बिहान सबेरै उठेर हात मुख धोएर
पढ्न बस्नू खुरूक्क नास्ता जे छ खाएर
नभुल्नू है कहिल्यै बन्नु पर्छ ज्ञानी
पढ्नु राम्रो बानी लेख्नु रहर मानी
मेरी प्यारी सानी नातिनी नानी ।

दिनभर क, ख, १, २, ए, बि पढ्न स्कुलमा
स्कुलपछि आमाबाबा सँग खेल्न चउरमा
नबिर्सनु कहिले खेल्नु भन्दा पहिले
खेल्नु पर्छ तिमीले सुरक्षित भै जहिले
मेरी प्यारी सानी नातिनी नानी ।

खाना खाई बेलुका नुनु गर्नु नौ बजे
निदाउन कथा लोरी पनि सुन्नु अवश्य
कहिले आफू सुनाउनू जानेका कहानी
सिक्न शरम नमान्नू जहिले जहाँ'नि
मेरी प्यारी सानी नातिनी नानी ।

आमाले भन्ने भुन्टुला बाबाले भन्ने मुन्तुला
हजुर आमा हजुर बुवा सबैले भन्ने कान्छुला
हो हामी सबैकी तिमी सानी रानी हौ
आशीष हामी सबैको असल अनि ज्ञानी हौ
मेरी प्यारी सानी नातिनी नानी ।

# २८. अन्तिम सत्य

वैशाखको टन्टलापुर घाममा
म आँपको रूखमुनि बसेको थिएँ
आकाश छुनेदेखि चन्द्रमा धुनेसम्मका
अनियन्त्रित कल्पनाहरू
मनभित्र तँछाडमछाड गर्दै उम्लिरहेका थिए
यत्तिकैमा एउटा पात झरेर मेरो टाउकोमा ठोक्कियो
म झसंग भएँ र त्यो पाततिर हेर्न थालैँ
बिस्तारै हावा चल्न थाल्यो
हावाले त्यो पातलाई पल्टाउँदै परतिर धकेलिदियो
हावाको वेगसँगै त्यो पात झन्-झन् पर हुत्तिँदै गयो
त्यसै बीचमा एक्कासि हावाको ठूलो झौँक्का आयो
र त्यो पातलाई उडाएर पर क्षितिजमा पुऱ्याइदियो
मैले एक टकले हेरिरहैँ
हेर्दाहेर्दै त्यो पात आकाशमा कता हो कता बिलायो
मैले आफैँलाई अनेक प्रश्न गर्न थालैँ
साँच्चै त्यो पात कता गयो होला ?
के अब त्यो पात कहिल्यै फर्केर आउला ?
सिरसिर चलेको हावासँगै रूखमा रहेका बाँकी पातहरू सुसाउँदै थिए
के त्यो सुसाई वियोगको रूवाई हो ?
किन रूखमा बाँकी रहेका पातहरू अनियन्त्रित भएर हल्लिरहेका छन् ?
म कल्पनाको अर्कै दुनियाँमा पुगिसकेको रहेछु
त्यत्तिकैमा फेरि अर्को पात झरेर मेरो टाउकोमा ठोक्कियो
म फेरि झसंग भएँ र त्यो पाततिर हेर्न थालैँ
मैले हेर्दाहेर्दै त्यो पातलाई पनि हावाले पर हुत्याइदियो

केहीबेरपछि फेरि अर्को पात खस्यो
त्यसलाई भने धुलोले रूखमुनि नै पुरिदियो
यसरी कहिले एउटा र कहिले एकभन्दा बढी पातहरू खसिरहे
कुनै पातहरू हावासँगै आकाशमा उडेर विलाए
कुनै पातहरूलाई हावाले रूखदेखि पर हुत्याइदियो
कुनै पातहरूलाई भने धुलोले रूखमुनि नै पुरिदियो
मैले घण्टौँसम्म त्यो दृश्य हेरिरहेँ
यसरी रूखबाट झर्दाझर्दै केही महिनापछि सबै पातहरू सकिए
अर्को साल आयो
रूखभरि नयाँ पालुवा पलाए
तर केही समयपछि फेरि ती पातहरू अघिल्लो वर्षको झैँ झर्न थाले
यसरी हरेक वर्ष नयाँ पातहरू पलाउने
र हरेक वर्ष सबै पातहरू झरेर जाने क्रम निरन्तर चल्दो छ
जति सुन्दर र कोमल पालुवा भएर पातहरू पलाए पनि
ती हरेक पातहरूलाई एक दिन झरेर जानै पर्छ ।

# २९. शुभ-कामना

शुभ-कामनाहरू हजुरका स्वीकार्दै मन वचनले
सजाई मन मन्दिरमा सिंगार्दै बडो जतनले
अर्पन्छौँ हामी पनि शुभ-कामना हृदयभरिका
फुलोस् हजुरको जीवन नपाओस् कष्ट बदनले ।

पसोस् घरमा सुखको कान्ति हरेक प्रातःमा
बलोस् दियो शान्तिको प्रदिप्त हरेक रातमा
बुन्दै उन्दै हजुरका सुखहरू धागो भरी-भरी
घुमिरहोस् घडि हरघडि भगवान् रहून् साथमा ।

हरेक साँझ जुनेली रात उदाओस् आभा छरी
कालो रात कहिल्यै नआओस् जिन्दगीभरि
हार नहोस् हमेसा जितमित बनिरहोस्
ढुङ्गै छुँदा पनि हजुरले चम्किदियोस् हिरासरी ।

आशीर्वाद आमा-बाबाको रहिरहोस् शिर भरी
पलाऊन् मुना उमंगका वसन्तका पालुवा सरी
शत्रु नहोस् जगतमा जहाँ पाइला टेके पनि
वर्षिदिऊन् फूल वर्षा खुशीका मानौँ साउने झरी ।

# ३०. छुट्टीको दिनको मजा बेग्लै

मन मिल्ने मायासँग कुटीमै बस्नुको मजा बेग्लै
कान्ति भए मनभित्र टुकीमै बस्नुको मजा बेग्लै
हुँदैन ठूलो दुनियाँमै आफ्नो परिवारभन्दा कोही
घरमै भए परिवार छुट्टीमै बस्नुको मजा बेग्लै ।

छुट्टीको दिन नुहाई धुवाई घाम ताप्नुको मजा बेग्लै
भिजेका नङ काट्देऊ प्रिया भन्दै डाक्नुको मजा बेग्लै
सुन्तला र बदाम फोकी प्रियसीलाई खुवाउनै थाल्दा
मलाई पैले बाबा भन्दै छोरीले मुख थाप्नुको मजा बेग्लै ।

अरूभन्दा छुट्टीको दिन घुम्न जानुको मजा बेग्लै
कता जाने छोरी भन्दै उतै लानुको मजा बेग्लै
एकातिर छोरी अर्कोतिर प्रिया आफू बीचमा बसेर
छोरीसँगै प्रियाको हातको मोमो खानुको मजा बेग्लै ।

छोरी भन्छिन् छुट्टीको दिन रम्दै हाँस्नुको मजा बेग्लै
घोडा बनाई बाबालाई ढाडमा बस्नुको मजा बेग्लै
कागज च्याती डुङ्गा जहाज अनि पुतली बनाउँदै
बाबा आमासँगै गीत गाउँदै नाच्नुको मजा बेग्लै ।

## ३१. पति त यस्तो होस्

म महिनावारी हुँदा अछुतो व्यवहार नगर्ने
बरू रक्तश्रावले थकित मेरो शरीरलाई
आरामको खाँचो महसुस गरिदिने
म सुत्केरी हुँदा
सुतेको बिस्तारासम्म आउन सिक्सिको नमान्ने
बरू मलाई सरसफाई गर्न सघाई दिने
व्यथाले थकित मेरा हर अंगहरूलाई
माया र मालिसको खाँचो महसुस गरिदिने

जन्मेको घर, जन्म दिने बाबा–आमा
सबै छोडेर पर पुगेकी मलाई
माइतीको याद आउँदा
कहिलेकाहीँ बाबा–आमालाई भेट्न जान्छु भन्दा
नझर्किने बरू मसँगै माइतीघर जान हर्षिने

मैले नसक्दा पँधेरीबाट पानी ल्याइदिने
स्कुलमा छोड्ने अनि स्कुलबाट नानी ल्याइदिने
मलाई साक्षी मात्र होइन सहयात्री ठान्ने
जूनतारा झार्ने फिल्मी कुरा नजान्ने
तर मलाई उनको आधा हिस्सा ठान्ने

मेरा हर कदममा आश भरिदिने
मेरा हर कोसिसमा सास भरिदिने
मेरो प्रेमको आभास, मेरो हरपलको आवाज
मेरो सबैभन्दा ठूलो विश्वास
जसले मेरो जीवनमा भर्न सकोस् जोश
पति त यस्तो होस् ।

# ३२. महिला मुक्तिको उद्घोष

महिलाविरूद्ध उठाइएका विभेदका पर्खाल नढाली हुन्न
जे जति छन् लादिएका जंजिरहरू सब नफाली हुन्न
महिला पुरूष बराबर हुन् भन्ने मान्यता नलेखिएका
किताबहरू जहाँ छन् खोजी एक–एक गरी नबाली हुन्न ।

सुत्केरी हुँदा परिवारको थालीसँगै मेरो थाली हुन्न
महिनावारी हुँदा पतिले नै छुन्नन् त्यो भन्दा पिर्ने गाली हुन्न
सहनु कति यी दोषी दृष्टि हामीलाई थिच्न बनाइएका
आऊ च्यातौँ हे दिदीबैनी अभिशापका पाना नफाली हुन्न ।

दाइजो प्रथा हटाउन हामीहरूले कदम नचाली हुन्न
उठौँ जुटौँ दिदीबैनी यो कलंक नफाली हुन्न
भनौँ– सिन्दुर लाउन दाइजो माग राख्छ जसले
उसले सिन्दुर नलाउँदैमा मेरो सिउँदो खाली हुन्न ।

समाज सफा मानवविरोधी प्रथाहरू नफाली हुन्न
यस्तो बनाऊँ गाउँ जहाँ बोक्सी मान्ने जाली हुन्न
अनि मात्र हाम्रो हुन्छ आधा धर्ति आधा आकाश
नत्र भने हामीलाई सधैँ गाली हुन्छ ताली हुन्न ।

# ३३. चुनावी नेता

भोट दिनुस् मैले जिते रात नै दिन भइदिन्छ
बालुवाको घरले पनि नौ रेक्टर भूकम्प सहिदिन्छ
त्यति मात्र कहाँ हो र म प्रधानमन्त्री भएँ भने
दुध हैन भैंसीले सिधै ठेकी भरी दही दिन्छ ।

सांसदको सपथपछि प्रधानमन्त्रीको सपथ खाँदा
त्यति बेलै देशबाट बेरोजगारी झर्छ आधा
सुन्दा विश्वास नलाग्ला हजुर भोट दिई मात्र हेर्नुस्
चुट्कीभरमा हटाइदिन्छु देशका सबै बिध्न बाधा ।

खेतभरि धान होइन सिधै चामल फलाइदिन्छु
पकाउनु पर्ने नै छैन दाल बोटमै गलाइदिन्छु
होइन पकाई मात्र खान्छु भन्नुहुन्छ भने पनि
आलीमाथि डाली राखी चुलो त्यहीँ बालिदिन्छु ।

हेर्नु होला मैले जिते सुख्खा खोला बहिदिन्छ
पैरो रूक्छ धुँवा धुलो देशबाटै गइदिन्छ
त्यसैले त भन्छु भोट नबिराई दिनु मलाई
अनि देश दुई वर्षमै सिंगापुरझैँ भइदिन्छ ।

# ३४. यसरी स्वस्थ बनौँ

न धेरै थोरै नुनको मात्रा घ्यू चिनी कम खानु
तरकारी साग फलफूल धेरै किनेर लैजानू
प्रशस्त खानु रेसादार खाना झोलिलो हरियो
मद्दत पुग्छ रहन स्वस्थ जीवनभरि यो ।

दाल भात रोटी अण्डा र मासु टन्न पेट नखानु
व्यायाम गर्नु नियमितसँग धुनु र नुहाउनु
दुई लिटर पानी हरेक दिन आठ घण्टा निदाउने
उपाय यी हुन् निरोगी बनी जीवन बिताउने ।

नियमितसँग सकभर एउटै डाक्टरलाई देखाउनु
केही शंका लागे नभनी रात तुरून्तै जँचाउनु
आकस्मिक पर्दा चाहिने केही औषधि घरमा
नभुलिराख्नू टर्नेछ दुःख यसकै भरमा ।

निस्कनु घुम्न प्रकृतिसँग मजाले रमाउनु
निराश होइन आशामा जिउनु मित्रता कमाउनु
खुशीले रम्नु आफन्तसँग हरक्षण हरसाल
नपिउनू चुरोट नखानू रक्सी बन्दछ त्यो काल ।

# ३५. विश्वास गरूँ म कसरी

न सक्छ ऊ जबरजस्ती उठाउन चन्दा
न संगत छ उसको कुनै कुण्डले र गुण्डा
विश्वास गरूँ म कसरी कसैले यो भन्दा
कि मेरो साथीले समायो राजनीतिको झण्डा ।

न विगत छ उसको एउटै कक्षा पढेको बारबार
न गऱ्यो कैले अरूलाई अन्याय र अत्याचार
विश्वास गरूँ म कसरी उसले छाड्यो वफादार
खायो कसम राजनीतिको त्याग्यो सदाचार ।

न मुद्दा छ सार्वजनिक सम्पत्ति तोडफोड गरेको
न कुनै निहत्था छ कहिले उसको ज्यादतीले मरेको
विश्वास गरूँ म कसरी ऊ राजनीतिमा झरेको
रित्याउँदै ढुकुटी देशको आफ्नै झोली भरेको ।

न सक्छ ऊ बेच्न इमान न घात अन्तर्घात जान्दछ
न निर्लज्ज पचाउँछ भत्ता न सत्ता सबथोक ठान्दछ
विश्वास गरूँ म कसरी ऊ फगत कुर्सीकै लागि
पर्दैछ शरण विदेशीको हिँड्दैछ आशीष मागी ।

# ३६. सापेक्षता

(महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनप्रति समर्पित)

भौतिक विज्ञानका पिता अल्बर्ट आइन्स्टाइन
जसको एउटा सिद्धान्तले
संसारको सोच बदल्यो
जुन सिद्धान्तअनुसार
हामी, हाम्रो समाज र समग्र संसार निरपेक्ष हुँदैन
त्यो फगत तुलनात्मक हुन्छ
त्यही नै हो सापेक्षता ।

गतिशीलता र स्थिरता
सुन्दरता र कुरूपता
विशालता र सूक्ष्मता
ज्ञानता र अज्ञानता
सम्पन्नता र विपन्नता
प्रशन्नता र उदासिनता
यी कुनै पनि कुरा निरपेक्ष हुँदैनन्
ती फगत तुलनात्मक हुन्छन्
त्यही नै हो सापेक्षता ।

कुकुरदेखि ढुक्कुरसम्म
बंगुरदेखि लंगुरसम्म
खरायोदेखि जरायोसम्म
कछुवाको गतिदेखि प्रकाशको गतिसम्म
यी कुनै पनि चिजहरूको
स्थिति र परिस्थिति
गति र मति

निरपेक्ष हुँदैनन्
त्यही नै हो सापेक्षता ।

गुच्छाभन्दा भकुण्डो ठूलो
भकुण्डोभन्दा पृथ्वी ठूलो
पृथ्वीभन्दा सूर्य ठूलो
धावकको गतिभन्दा रेलको गति तीव्र
रेलको गति भन्दा हवाइजहाजको गति तीव्र
संसारिक यी कुनै पनि कुरा निरपेक्ष हुँदैनन्
ती फगत तुलनात्मक हुन्छन्
त्यही नै हो सापेक्षता ।

# ३७. यो कस्तो सोच

गाउँ खाली, गोठ खाली
बाँझा खेत, बढेका पेट
चामल आयात गर्ने
कृषिप्रधान मेरो देश ।

कयौँ पटक बनाउँदा पनि
बनी नसक्ने धुलाम्मे सडकहरू
पहिलो रात बनायो
अर्को बिहान बिग्रिहाल्छन्
अर्को रात फेरि बनायो
अर्को बिहान फेरि बिग्रिहाल्छन्

त्यसैगरी बनी नसक्दै बिग्रने पुलहरू
कहिल्यै नसुध्रने साँघुरा गल्ली
र साँघुरा चोकहरू
बाँदर धपाउन बनाइएका बुख्याँचाजस्ता
तारै-तारले जेलिएका बिजुलीका खम्बाहरू

महिलाहरूको लागि छुट्याइएको कोटा
बढीमा उपसम्म
त्योभन्दा माथि पुग्न
या त चरित्रलाई च्याँखे थाप्नुपर्ने
या त शीर्ष नेतृत्वको आफन्ती पर्नुपर्ने

हरेक कुराले आक्रान्त हुँदा पनि
बिहान-बिहान चोक-चोकमा भेला भयो

पत्रिका हेर्‍यो, नेतृत्वलाई गाली गर्‍यो
फेरि चुनाव आयो उसैलाई भोट
आफू नबदलिई देश बदल्न खोज्ने
खै यो कस्तो सोच !

# ३८. सपनामा जे देखेँ

त्यो देश थियो
सगरमाथा शिर भएको
कतै तराई अनि कतै भिर भएको
बुद्ध र सीताले टेकेको
मैले हिजो राति सपनीमा देखेको

साहित्यमा थिए
लेखनाथ, भानुभक्त, मोतिराम
र त्यस्तै केही अरू
सबै तल्लिन थिए
आफ्ना सिर्जनामार्फत्
देश देशान्तरमा
राष्ट्रको गौरव र सौरभको गाथा फिँजाउन

गीत संगीतमा थिए
नारायण गोपाल, अरूणा लामा, अरूण थापा
र, त्यस्तै केही अरू
नेपाली माटो र बाटो बोल्ने
उनका ती गीत संगीतहरू
मानौँ अनवरत सुनिरहूँजस्तो

राजनीतिमा थिए
बिपी, गणेशमान, मदन
र, त्यस्तै केही अरू
देशको उन्नतिका लागि
निःस्वार्थ जनताहरू जगाइरहेका

चार सहिदहरू थिए
दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठ
अँधेरी रात फालेर देशमा बिहानी ल्याउन
हाँसीहाँसी ज्यानको आहुति दिन मञ्जुर
नेपाल आमाका ती निडर छोराहरूलाई
मैले ब्युँझिदासम्म पनि सलाम गरिरहेको थिए ।

# ३९. नक्कली मान्छे

आफ्नो देश बनाउन छोडेर
पराईको देशमा जति रमे पनि
पराईका सफा सडकमा जति दौडे पनि
पराईका स्वच्छ तलाउमा जति पौडे पनि
हामी त्यही देशका मनुवा हौँ
जहाँ सडकमा भुस्याहा कुकुरहरू समेत दौडन अन्कनाउँछन्
जहाँ तलाउमा भ्यागुताहरू ट्यारट्यार गर्दछन्
अनि भैँसीहरू पौडी खेल्छन्
हामी पराईको सुन्दर बगैँचामा उभिएर फोटो खिच्छौँ
र आफ्नो बगैँचामा सुँगुरले फोहर गरेको बिर्सन्छौँ
हामी पराईका आकाशी महलअगाडि हाँसेर फोटो खिच्छौँ
र भूकम्पले ढलेर रोइरहेको आफ्नो बस्ती बिर्सन्छौँ
हामी कपालमा खैरो रङ लगाउँछौँ
अनि नक्कली कुराको विरोध गर्छौँ
हामी मृगमिरीचिकाको पछि-पछि कुद्छौँ
अनि भ्रममा पर्न हुन्न भन्दै गफ छाँट्छौँ
हेलो र हाई भन्दै अंग्रेजी बन्ने नाउँमा
नमस्ते भुलेका
हामीमा न आफ्नो रंग छ न आफ्नो ढंग छ
न आफ्नोपन छ न नेपाली मन छ
आफ्नै सिकार नचिन्ने सिकारीजस्तो
आफ्नै सम्पदा नचिन्ने भिखारीजस्तो
धनका भन्दा मनका गरिब
आफूलाई कहिल्यै नपढ्ने
मात्र अरूलाई पढ्ने
हामी फगत नक्कली मान्छे हौँ ।

# ४०. पसिनालाई पुकार

प्रवासमा काम गर्दैगर्दा
जब पसिना भुईंमा चुहिन खोज्छ
पसिनाभन्दा पहिले नै
आँशुले जमिन छोइदिन्छ
अनि हतार–हतार
मनले भन्न थाल्छ
हे खस्दै गरेका पसिना हो
घाँससमेत तृप्त यो भूगोलमा
तिमी झर्नुको कुनै अर्थ छैन
त्यसैले तिमी यहाँ नझरिदेऊ
सूर्यको तापसँगै
बाफिएर तिमी आकाशमा उडिदेऊ
अनि बादलको एउटा हिस्सा बनी
हावाको रफ्तारसँगै
उडेर मेरो देशको आकाशमा पुगिदेऊ
अनि त्यहाँका चिसा हिमालहरूलाई स्पर्श गर्दै
फेरि तरल पसिना बनी
ती बाँझा खेतहरूमा खसिदेऊ
ताकि तिर्खाएका ती अन्न बालीहरूले
आफ्नो प्यास मेट्न सकून्
अनि दाना बनेर
मेरो देशको एक छाक भोक मेट्न सकून् ।

# ४१. आजका छोराछोरी

छोरा-छोरी खैरेलाई
देशको शासन जैरेलाई
आँशु छैन रून तर
सम्हाल्दैछन् बाबा धैर्यलाई ।

टोफेल आइएल्ट्स जिआरई
गरी सबै तयारी
विदेश उडे छोराछोरी
पिरमा रून्छिन् आमा पियारी ।

डिभी-पिआर सिटिजन
आवेदन सबमा जे-जे छन्
घर किन्यो विदेशमा
देश भुल्यो झन् ।

बूढा बा हलो समाउँछन्
छोरी सेल्फीमा रमाउँछन्
आमा मर्दा आजका छोरा
फेसबुकमा शोक मनाउँछन् ।

# ४२. आजका शिक्षक

शिक्षक शब्दले बोकेको त्यो भाव
त्यो प्रकाश र त्यो राप
सायद अरू कुनै शब्द भित्र छैन
शि को अर्थ शिक्षा दिने
क्ष को अर्थ गल्तीमा क्षमा दिने
क को अर्थ करूणाले भरिदिने ।

अदेखि अः सम्म
कदेखि कः सम्म
जिरोदेखि अनन्तसम्म
धैर्यका साथ चिनाउँदै
बाह्रखरीमा सिङ्गो ब्रह्माण्ड उन्न सिकाउने
शिक्षाको मन्दिरको
तिमी जिउँदो देवता हौ ।

आफ्नै चेलाको औँला गुरूदक्षिणा माग्ने
महाभारतका द्रोर्णाचार्य जस्तो
निहित स्वार्थको परिधि भन्दा
सधैँमाथि रहने
शिक्षाको मन्दिरको
तिमी जिउँदो देवता हौ ।

गुरूले मागे भन्दैमा
आफ्नो औँलासमेत काटेर दिने
एकलव्यजस्तो होइन
गुरूसँग निर्धक्क सजीव बहस गर्न सक्ने

सचेत युवा जन्माउने
शिक्षाको मन्दिरको
तिमी जिउँदो देवता हौ ।

धर्म र मानवताका लागि
आफ्नै कुलसँग पनि विद्रोह गर्न सक्ने
विभीषणजस्ता आदर्श पात्र जन्माउन सक्ने
शिक्षाको मन्दिरको
तिमी जिउँदो देवता हौ ।

सारा संसार जितेर
चन्द्रमा र मंगलग्रहमा समेत
सफल बस्ती बसाल्न सक्ने
जीवन्त जोश र सोच भएका
भविष्य रोप्न सक्ने
शिक्षाको मन्दिरको
तिमी जिउँदो देवता हौ ।

# ४३. विद्यार्थीका गुण

बकुल्लाले जस्तो ध्यान दिनु निदाउनु कुकुर सरी
कागजस्तो चलाख हुनु बन्नु अल्पहारी
यी चार सँगै गृहत्यागी गरी पाँच गुण
जरूरी छ बुझ्नुक भन्छन् विद्यार्थीमा हुन ।

आज्ञा मान्नु आमा बाबा गुरु र मान्यजनको
सिको गर्नु ज्ञानी-गुणी विद्वान र सज्जनको
नफाल्नु खेर एकै मिनेट नबस्नु अल्छी गरी
यी हुन् अरू गुण विद्यार्थीका असल अमृत सरी ।

खानु खेल्नु सुत्नु उठ्नु निश्चित समयमा
पढ्नु लेख्नु धुनु नुहाउनु निश्चित समयमा
कोसिस गर्नु नथाकेर सिक्दै हारे पनि
अनि जित्छौ जिन्दगीमा बाजी गनीगनी ।

अज्ञानताको अन्धकार हटाउनु आफूबाट
अनि सक्छौ ज्ञानको ज्योति बाल्न हरेक फाँट
यो देशको भविष्यका कर्णधार हौ तिमी
तिम्रो हातमा उज्यालो छ देशको रिमिझिमी ।

# ४४. दुःखहरणका उपाय

(भगवान् गौतम बुद्धप्रति समर्पित)

भगवान बुद्ध यै भन्नुहुन्छ दुःख छ जगतमा
दुःखका पछि छन् खास कारण दुःख हुन्न फगतमा
ती कारण पनि हुँदैनन् निदान गर्न नसकिने
लौ सुन भन्छु उपाय के छन् जो देखेँ जो चिनेँ ।

न आफूलाई न अरूलाई कसैलाई न ढाटौँ
हतियार बोक्ने त परको कुरा वचनले न काटौँ
हुन नि सक्छ अञ्जानमा गल्ती भएमा पाठ सिकी
छोडिदेऊ गर्न छलछाम मनको फोहोर सब झिकी ।

जे जति गाँस चाहिन्छ जिउन कमाउ त्यो जानी
उब्जनी बढी भैगए पनि ठिकै छ त्यो पनि
एउटा गाँस आफूले खाऊ अर्को गाँस बाँडिदेऊ
अनि पो मिल्छ परम सुख सत्य त्यो जानिदेऊ ।

माया र मोह लोभ र लाभ मान्छेमा रहन्छ
अगाडि बढ्न मनमा आशा राख्नु नै पर्दछ
तैपनि बुझ यी सब चिज ठिक्कको चाहिन्छ
अति नै भए मायामा पनि दुःख पो पाइन्छ ।

# ४५. कोरोनाबाट यसरी बचौँ

अचुक औषधि
कोरोनाले नछुने
बस आफू अरूदेखि
दुई मिटरको दुरीमा रहने ।

हात नमिलाऔँ
गला नजोडौँ
गाला जोड्ने त
कुरै नसोचौँ
अभिवादन गर्नु परे
दुई हात जोडौँ
र नमस्कार गरौँ
आफ्नो संस्कृतिको महिमा छरौँ ।

हाम्रा पुर्खाले यही भन्दै आए
अँगालो होइन नमस्कार सिकाए
कोरोनाले यसलाई सत्य बनायो
हाम्रा पुर्खाको महत्व सिकायो

रोकिँदैन यो कोरोना
फगत् मास्क लाएर
अत्यन्तै जरूरी हुँदाबाहेक
ननिस्कौँ घरबाहिर
नछोऔँ जथाभावी
आँखा, मुख र नाक
धोऔँ नियमितसँग
साबुनपानीले हात
खोक्दा वा हाछ्यूँ गर्दा

नभुली मुख छोपौँ
यी सावधानी अपनाई
कोरोना फैलिनबाट रोकौँ ।

सरोकारवालाको अनुरोध मानौँ
सेवाकर्मीको सम्मान गरौँ
सद्भाव र प्रेम फैलाऔँ
भ्रम नछरौँ
नडराऔँ
तर सजग रहौँ ।

न तिम्रो मात्र
न मेरो मात्र
यो सबैको साझा विपदको क्षण हो
संसारभरि
कोरोनाको कालो बादल मडारिएको बेला
सम्पूर्ण विज्ञानलाई नै
चकित पारिरहेको बेला
आऊ सबै मिलेर
हातेमालो गरौँ
अनि सबैले
यो महामारीको समुद्र तरौँ ।

# ४६. देश फर्कन अनुरोध

आमा–बाबा भन्नहुन्छ तिम्रो यादमा छोरा केही खाएजस्तो हुन्न
आउँछन् जान्छन् पर्व तर तिमी बिना खुशी केही छाएजस्तो हुन्न
कति हेरौँ तिम्रो बाटो थाकी सके हाम्रा आँखा अब चाँडै फर्किआऊ
हामी हुँदै आएनौ भने आए पनि तिमीलाई घर आएजस्तो हुन्न ।

प्रिया भन्छिन् तिमीबिना श्रृङ्गार पनि फिक्का लाग्छ लाएजस्तो हुन्न
कुरा खेल्छन् रातभरि तिमी आउँछौ आँखामा निद्रा आएजस्तो हुन्न
मन रूवाउँदै आँशुमा अब अरू कुर्न सक्तिनँ म चाँडै फर्किआऊ
नत्र भने आगोअघि सँगै जिउने मर्ने कसम खाएजस्तो हुन्न ।

लाखौँ कोसिस गर्दा पनि धेरै कुरा जिन्दगीमा चाहेजस्तो हुन्न
भन्छन् साथी–भाइहरू तिमीबिना देउसी–भैलो गाएजस्तो हुन्न
शून्य बनाई हाम्रा दिन आफू पनि एक्लो भई नबस फर्किआऊ
वर्षौं टाढा बसिरहँदा पैसाले मात्र पनि केही पाएजस्तो हुन्न ।

दिदीबैनीहरू भन्छन् तीज तिहार तिमीबिना आएजस्तो हुन्न
रित्तो लाग्छ माइतिघर भोजन पनि खल्लो लाग्छ खाएजस्तो हुन्न
सम्झिएर दिदी–बैनी बूढा रोगी आमा–बाबा अब चाँडै फर्किआऊ
ढिला हुन गयो भने मलामी हुन्छ आफ्नै छोरा आएजस्तो हुन्न ।

# ४७. बोधिवृक्ष

कपिलवस्तुका शाक्यवंशीय राजा शुद्धोधन
र रानी मायादेवीका सुपुत्र
राजकुमार सिद्धार्थ
दरबारको राजसी सुख–सयल त्यागेर
पत्नी यशोधरा र छोरा राहुललाई समेत छोडेर
समग्र मानवलाई दुःखबाट छुट्कारा दिलाउने उपायको खोजीमा
वर्षौंसम्मको दुष्कर चर्यापश्चात्
तपस्याको मध्यममार्ग रोजेर
तिम्रो चरणमा लीन भएका बेला
उनलाई बोधिज्ञानको ज्योतिले बुद्ध बनायौ
अनि पिपलको कुलमा उम्रेकी तिमी बोधिवृक्ष बन्यौ ।

आफूले प्रचण्ड घामको हलाहल पिएर
अरूलाई शितलताको अमृत प्रदान गर्ने
साउने झरी
चैते हुरी
सबै सहेर
हाम्रा लागि छाता र छहारी बनिदिने
त्यसैले त
राजकुमार सिद्धार्थले
सुखको मार्ग भेटाउन
ध्यानका लागि
तिम्रो काख रोज्नु भएको थियो ।

भगवान् बुद्धलाई मात्र होइन

चेतनाशून्यदेखि विवेकशीलसम्म
सिद्धहस्तदेखि दुर्बलसम्म
यशकीर्तिधारीदेखि निरीहसम्म
चराचुरुङ्गीदेखि जन्तु-जनावरसम्म
सबैलाई सदियौँदेखि
उस्तै ओत दिन तल्लिन
तिमी विशाल छाति भएकी
माया र प्रेमको कहिल्यै नसुक्ने मूल भएकी
हामी सबैकी साझा आमा हौ ।

# ४८. वसन्त ऋतु

ऋतुहरूमा उत्कृष्ट
वसन्त ऋतु
पतझरहरूको अन्त गर्दै
पालुवाहरू पल्लवित भएका
चारैतिर हरियाली आँचल
इन्द्रको बगैँचाजस्तो
रङ्गीविरङ्गी फूलहरू
फक्रिरहेका गुराँसका मनमोहक पत्रहरू
सुनगाभा र शिरिष मगमगाउँदै
दूरसम्म कस्तुरीझैँ सुवास छरिरहेका
प्रफुल्लित चराचुरूङ्गीहरूको चिरबिर
कोइलीको सुरिलो कुहु–कुहु
झरनाको स्वर्गीय कलकल
मुटु स्पर्श गर्दै बग्ने शितल हावा
न बादल न कुहिरो न हुस्सु
पर क्षितिजसम्म देख्न सकिने सफा नीलो आकाश
सूर्यको प्रकाश सहजै पृथ्वीसम्म पुग्न सक्ने
रातमा लाखौँ ताराहरू सहजै देख्न सकिने
प्रकृतिले पूरै नयाँ काँचुली फेरेको
मानौँ स्वर्ग नै पृथ्वीमा झरेजस्तो
यस्तो लाग्छ
धरती दुलही भै श्रृङ्गारमा सिँगारिएर
सौन्दर्यको अनुपम उपहार बोकेर
अपार शोभा छर्न उदाएकी छन्
र हामी अनन्त खुशीका साथ
उनलाई आनन्दपूर्वक स्वागत गर्दैछौँ ।

# ४९. दुवैतिर लगाउन मिल्ने मेरो कोट

छोराछोरी १३ वर्ष नाघेपछि
मेरो पुरानो कोट मन पराउन छाडे
हरेक चोटि एउटै गुनासो गर्न थाले
बुवा यो पुरानो कोट लगाउन छोडिदिनुस्
सधैँ एउटै कोट मात्र किन लगाउनु हुन्छ
चाँडै दुई वटा नयाँ कोट किन्नुस् ।

एउटै कोट किन्न नसक्ने मेरो गरिबी उनीहरू बुझ्दैनथे
उनीहरूको महँगो स्कुल फिस
महँगो स्कुल ड्रेस
अनि मेरो सस्तो कमाई
यी सबैलाई सन्तुलनमा ल्याउन
मैले पुरानो कोट लगाएको थिएँ
त्यसैले पो उनीहरूले राम्रो कपडा लगाउन पाएका थिए
र राम्रो स्कुलमा पढ्न पाएका थिए ।

उनीहरू दिन प्रतिदिन मेरो पुरानो कोटसँग शर्माउन थाले
साथीसँग खेल्दै गरेको अवस्थामा जब म पुग्थेँ
मलाई बुवा भन्न पनि लाज मान्न थाले
बुवा भन्न नै छोडिदेलान् भन्ने पिरले मलाई पोल्न थाल्यो
त्यसैले साहुसँग ऋण लिएर
दुवैतिर लगाउन मिल्ने एउटा नयाँ कोट किनेँ
किनकि साहुले दुई वटा कोट किन्ने ऋण दिन मानेनन् ।

# ५०. बालाई प्रश्न

एघार वर्षको म
छ वर्ष भएछ
इँट्टा भट्टिमा काम गर्न थालेको
एक दिन साहुले भने
ए रामे !
सानो मालिकको स्कुलको झोला गाडीमा राखिदे
म खुरूर्र दौडेर सानो मालिकको झोलाछेउ पुगेँ
र दुवै हातले झोला उठाउन खोजेँ
मैले बोक्ने इँट्टाको भारीभन्दा निकै हलुङ्गो रहेछ
त्यसैले
एउटै हातले उठाएर गाडीमा राखिदिएँ
बेलुका घर फर्केर बालाई सोधेँ
बा !
ठूलो मान्छे बन्न त
हलुङ्गो झोला पो बोक्नु पर्दोरहेछ !
मलाई तपाईंले किन
इँट्टाको गरूङ्गो भारी बोक्न पठाउनु हुन्छ ?

# ५१. चिताको आवाज

श्रीमान्‌को लाशमा आगो सल्काएपछि
चितासँगै मेरो मन पनि दनदनी बल्न थाल्यो
आगोको रफ्तारसँगै
सिनेमाको पर्दामा जस्तै
विगतका स्मृतिहरू छाल बनेर उर्लन थाले ।

म बेचिएको केही वर्षपछि
ऊ ग्राहक बनेर मेरो कोठीमा आएको थियो
मेरो शरीर छुन हतारिने अरू ग्राहकभन्दा
ऊ बिल्कुल भिन्न थियो
करिब आधा घण्टा बसेर फर्केको थियो
जतिबेर बस्यो मेरो बारेमा मात्र सोधीखोजी गऱ्यो
म कसरी बेचिएँ
बाहिर जान मन छ कि
आदि आदि
आफ्नो नाम विवेक बतायो
उसको प्रश्नको जवाफमा
मैले मेरो नाम सुस्मिता हो भनेँ
मेरो शरीर नछोई
मेरो मुटु छोएर ऊ फर्कियो ।

भोलिपल्टदेखि ऊ हरेक दिन आउन थाल्यो
तर उस्तै कुरा मात्र गरेर फर्कन थाल्यो
भेटसँगै हामीबीच माया बढ्दै गयो
कयौँ दिनको तयारीपश्चात्
उसले मलाई त्यहाँबाट भगायो ।

केही वर्षपछि विवेक बिरामी पऱ्यो
महँगो अपरेसन गर्नुपर्ने भयो
तर हामीसँग पैसा थिएन
पैसा जोहो गर्ने अर्को उपाय पनि थिएन
त्यसैले म साहुजीसँग ऋण माग्न गएँ
उसले मेरो शरीरमा आँखा लगायो
एक मनले सोचेँ
साहुको कुरा मानिदिऊँ
आखिर पहिले पनि मेरो शरीरसँग अरू खेलेकै हुन्
अर्को एउटा थपिने न हो !
कम से कम विवेकको ज्यान त बाँच्छ
तर अर्को मनले सोचेँ
होइन, मैले त्यसो गर्नु हुन्न
मेरो शरीर विवेकको लागि मात्र हो
अरूलाई छुन दिने कुरा सोच्नु पनि पाप हो
दुवै तर्क मनमा जोडले दौडिन थाले
आखिरमा साहुसँग पैसा नलिएरै म फर्किएँ ।

उपचार नपाएपछि विवेकको मृत्यु भयो
साहुको कुरा मानेको भए सायद आज विवेक जिउँदो हुन्थ्यो
मैले उसलाई जवानीमै मर्न छोडिदिए
र आफूले आफैँलाई विधुवा बनाएँ
यस्ता अनेक कुराहरू मनमा दौडिरहेकै बेला
एक्कासि चिताबाट आवाज आयो
सुस्मिता !
पश्चाताप नगर
तिम्रो निर्णयप्रति म गर्वित छु
आफ्नो अस्मिता बेचेर मलाई बचाएको भए
म बाँचेर पनि जिउँदो लाश हुने थिएँ ।

# ५२. आमाको अन्तिम क्षण

जिउमा सेतो कोट घाँटीमा स्टेथेस्कोप
सलाइन पानी नली हुँदै नशामा पुऱ्याउँदै
बिरामीको आँखामा आरामको निद्रा ल्याउन सक्ने
बिरामीहरूको मनमा बाँच्ने आशा जगाउन सक्ने
यो म माथिको वर्षौंदेखिको मेरी आमाको सपना थियो ।

म सम्भन्छु
त्यो सपना साकार भएको दिन
मैले सेतो कोटमाथि घाँटीमा स्टेथेस्कोप भिरेर
फोटो खिचेर आमालाई पठाइदिएको थिएँ
त्यो फोटो हेरेर आमाले गर्वका साथ
भित्तामा भ्रुण्डाइएको मेरो बुवाको तस्वीर हेर्नु भएको थियो रे !

म डाक्टर भएदेखि
अनेकौं पटक
मेरी आमाको ब्लड प्रेसर जाँचेको छु, ज्वरो नापेको छु
औषधि, सुई र सलाइनहरू दिएर
उहाँको रोग निको पारेको छु ।

तर समय सधैँ एकैनासे नहुँदोरहेछ
केही वर्षपछि आमा बिरामी हुनुभयो
जाँच गर्दा थाहा भयो
उहाँका दुवै मृगौलाले काम गर्न छाडिसकेका रहेछन्
डायलाइसिस सुरू गरियो
तर पनि रोगले च्याप्न छोडेन

पिसाप बन्द भयो, पेट फुल्यो
शरीर पूरै सुन्निएर नचिनिने जस्तो भयो
बान्ता आई नै रह्‍यो, श्वास लिन गाह्रो भयो
डाक्टरले आश मारेर घर पठाइदिए
तर मैले आश मारिनँ
आमाका लागि घरलाई अस्पताल जस्तो बनाएँ
आवश्यकताअनुसार औषधि पानी दिन थालेँ
नियमित रूपमा अक्सिजन दिन थालेँ
बान्ता रोक्ने र नचिलाउने औषधि दिन थालेँ
तर एकै छिन सकस कम भएजस्तो भए पनि
रोगको रफ्तार भने रोकिएन ।

जे जसरी भए पनि दिनहरू बित्दा रहेछन्
एक पल नसुतेर पनि रातहरू कट्दा रहेछन्
आँखाले निदाउन भुलेजस्तो
ओठले हाँस्न बिर्सेजस्तो
स्थिति र परिस्थिति झन्-झन् बिग्रँदै गयो
तर पनि मैले सक्दो कोसिस गरिनैरहेँ ।

यस्तैमा एक दिन आमा मुर्छा पर्नु भयो
मैले हत्तपत्त अक्सिजनको मात्रा जाँच गरेँ
अक्सिजन दिइरहेको भए पनि
शरीरले लिन सकिरहेको थिएन
अक्सिजन पूरै शून्य बराबर पुग्न थाल्यो
आमाका आँखा पूरै बन्द थिए
तर श्वास भने मन्द-मन्द चलिरहेकै थियो
सायद शरीरबाट श्वास त्यति सजिलै जाँदैन होला
आमालाई सजिलो बनाउन मैले अनेकौँ यत्न गरिरहेँ

तर मेरा हर कोसिस विफल हुँदैथिए
जे गर्दा पनि निको नहुने यो कस्तो रोग हो ?
यसले किन मेरै आमालाई रोज्यो ?
म कस्तो लाचार डाक्टर हुँ ?
म कस्तो अभागी छोरो हुँ ?
जसको थोपा-थोपा पसिनाले म डाक्टर बनेँ
उहाँकै रोग हर्न किन म असमर्थ हुँदैछु ?
यस्ता अनेक प्रश्नहरू मनमा दौडिन थाले
यसैबीचमा मैले आमाको मुहार हेरेँ
एक-एक श्वासको लागि उहाँले उठाउनु परेका हजार कष्ट देखेँ
सजिलो बनाइदिन मैले पनि हजार कोसिस गरेँ
तर अवस्था झन्-झन् खस्कँदै जान थाल्यो
मैले फेरि आमाको अनुहारमा हेरेँ
मुटुको भित्री कुनादेखि डर लागेर आयो
मैले आफूलाई सम्हाल्न सकिनँ
मेरा आँखाबाट बरर आँशु झरे
अँध्यारोले ढाकेका आँखाले आमाले मलाई पुलुक्क हेर्नुभयो
आमा र मैले निराश आँखाले एक-अर्कालाई हेराहेर गऱ्यौं
यत्तिकैमा एक्कासि हावाको गति रोकियो
चारैतिर शून्यता रफ्तारमा दौडियो
आमाको आँखाबाट सदाको लागि सम्पूर्ण प्रकाश बिलायो
म जोडले चिच्याएँ- आमा....।

# ५३. आमाको आँशु

आँखैअगाडि कयौँ छोरीहरू जलेको देख्दा
कयौँ छोरीहरूको अनुहारमा एसिड बलेको देख्दा
बलात्कृत कयौँ छोरीहरूको लागि न्याय ढलेको देख्दा
आमा कसरी हाँस्न सक्छिन् ?

घरबारी जग्गा दलालको चंगुलमा परेपछि
खेतटारी बाढी पहिरोको बिगुलमा परेपछि
जेनतेन टालेको छानो बर्षात्मै चुहिन थालेपछि
आमाको आँखामा झरी मात्र बाँकी हुँदोरहेछ ।

भूकम्पले ढलेको घर
ऋणमा डुबेका पति
आश बनेर बिदेशिएको छोरो
लाश बनेर फर्केपछि
टेकेको धर्ति नै फाट्दोरहेछ ।

सन्तानबाट सुखको आश मरेपछि
समाजमा विसंगतिको त्रास बढेपछि
पीर र पीडा भोगेर
व्यथा र वेदना बोकेर
हाँसोको मौसममा पनि
आमाका नयनहरू आँशुले छचल्किदारहेछन् ।

# ५४. आमाको काखमा दुखेको देश

एउटा सन्तानको लागि
आमाभन्दा ठूलो अरू के हुन सक्छ ?
एउटा नागरिकको लागि
देशभन्दा ठूलो अरू के हुन सक्छ ?
अफसोच,
मुटुभरि अगाध माया हुँदाहुँदै
अभाव, पीर र पीडाहरूसँग जुध्दाजुध्दै
देश प्रेमको युद्ध हारेर
राहदानीको पानामा लालमोहर लाएर
छोरो तातो हावाको देशमा पुगेको छ ।

यता
चितामा समेत भ्रष्टाचारको गन्ध बढ्दो छ
त्रास फैलाइरहेका गोमनहरूको संख्या बढ्दोछ
फोहोर बटुलिरहेका कलिलाहरूको संख्या बढ्दोछ
रजस्वला नहुँदै बलात्कृत हुनेहरूको संख्या बढ्दोछ
विसंगतिका विरूद्ध उठ्ने हातहरू भन्दा
आफ्नै चिता खन्दै बाँचिरहेका मुर्दाहरूको संख्या बढ्दोछ
यी सबैको निरीह साक्षी बन्नु पर्दा
मेरा आँखामा छचल्किएको आँशुको भेल बढ्दोछ ।

विगत नियाल्छु
आफ्नो रहरलाई तिलाञ्जली दिएर
आफूले कालकूट विष पिएर
मातृभूमिलाई अमृत पिलाउन खोज्ने

मैन बनेर अँध्यारो चिर्दै
देशमा प्रकाश छर्न खोज्ने
मेरा श्रीमान्लाई आतंककारीको बिल्ला भिराएर
आत्महत्या गर्न विवश पारिएको
त्यो कालो रातको सम्झनाले
भीम मल्लहरूको इतिहाससम्म पुऱ्याइदिन्छ
अनि यस्तो लाग्छ
मानौँ मसँगै मेरो देशको अवशान हुँदैछ
तर श्रद्धाको फूल चढाउने कोही कतै देखिदैनन् ।

आमाका लागि पावरवाला चस्मा
श्रीमतीका लागि रातो सारी
सन्ततिका लागि सुखद् भविष्य
आदि ल्याउन विदेशिएको छोरो
लाश बनेर फर्केपछि
उसको चितासँगै सबै सपना जल्दारहेछन् ।

आमाको मन जब खुसीले हर्षन्छ
तब पो देशमा प्रशन्नता बर्सन्छ
जब आमा रून विवश हुन्छिन्
आमाको आँशुमा सिंगो देश दुख्दोरहेछ ।

प्रकृतिको यो अनुपम उपहार
सृष्टिको यो स्वर्णिम संगम
जलश्रोतको विश्व विजेता
तर पनि लेकमा गुराँस फुल्दैन
खोई कहिले उदाउँछन् सुखका बिहानीहरू?
कहिले अन्त हुन्छन् स्वाभिमान बेच्ने र लाश गन्ने कहानीहरू ?

किन संकटमा छ मातृत्व?
किन विभाजित छ भातृत्व?
के यसरी सग्लो सगरमाथा बचाउन सक्छौँ ?
हजारौँ यस्ता अनुत्तरित प्रश्नहरू बोकेर
आज मेरो देश मेरो काखमा दुखिरहेछ ।

# ५५. अन्तिम इच्छा

प्रकाश नपुगेको बस्तीमा
मैन बनेर बल्नु छ
तिर्खाएका गह्वामा
नदी बनेर पस्नु छ
आँशुले भिजेका धारामा
पसिना बनेर बग्नु छ
अभावले ग्रसित दुर्गममा
सुगम बनेर पुग्नुछ ।

जोस, रोस वा बेहोसमा
जान, अञ्जान वा अज्ञानमा
जसरी प्रवासमा पुगे पनि
जन्मभूमि प्रतिको कर्तव्य बोधले
म स्वदेशमै फर्कन चाहन्छु
जहाँको हावा र पानीले
मेरो शरीर बनेको छ ।

हेर्नु छैन प्रवासका आकासी महल
म गाउँकै खरको झुपडी हेर्न चाहन्छु
स्वदेशमै परिश्रम बगाउन चाहन्छु
अनि स्वदेशकै मुहार फेर्न चाहन्छु

ए ब्रह्माण्डको उत्कृष्ट मेरो देश !
तिमीले मलाई टेक्न सिकायौ
बोल्न, चल्न र लेख्न सिकायौ
तर बदलामा मैले केही दिन सकिनँ

मलाई माफ गरेर स्वीकारिदेऊ
अब म तिमीसँगै मुटु साट्न चाहन्छु ।

म मरेर त्यहीँ जान चाहन्छु
जहाँ पुगेर पुर्खाहरू भेट्न सकूँ
उनीहरूसँग गफिने तृष्णा मेटन सकूँ
अनि उनीहरूको पुनर्जन्म पछ्याउँदै
हरेक जुनी नेपालमै पर्न सकूँ ।

# बद्ध छन्दमा आधारित कविता
# (नेपाली लोकछन्द)

झ्याउरे छन्द (१६ = ३ + २ + ३ + २ + ३ + ३)

# १. आमा

प्रियाले भन्छिन् मेरो ज्यान उनको त्यो माया जान्दछु
मेरो यो शरीर मेरै हो भन्ने पनि म मान्दछु
माने नि यो ज्यान उनको हो भनी ईश्वर स्वयंले
मेरा हर अङ्ग आमाकै अंश सत्य त्यो ठान्दछु ।

बाबाले जस्तो हार्दा नि साथ छोराले दिँदैनन्
पत्नीले जस्तो लागेको घाउ पतिले धुँदैनन्
हजारौँ भिडले जितेको बेला जयजय गाए नि
आमाले जस्तो निःस्वार्थ माया दिने कोही हुँदैनन् ।

सुखको सहर छ आकाशपारि स्वर्गको नाउँमा
भनेर मानिस त्यहीँ पुग्न खोज्छन् ईश्वरको गाउँमा
पुगे नि त्यहाँ बादलभित्र खुशी त्यहाँ पाइन्न
खुशी त यहीँ मिल्दछ आमा–बाबाका पाउमा ।

हाँस्दा साथ हाँस्ने सबैले रूँदा यी आँखा छुँदैनन्
मरेर जाँदा छोरीझैँ छोरा पीरमा हुँदैनन्
रून त रोलान् दाजुभाइहरू चिताछेउ एकछिन
जीवनभर सम्झी आमाको जस्तो बाबा नै रूँदैनन् ।

# २. दिदीबहिनीको यादमा

बितेर गयो तिहार पनि भाइ फर्की आएन
न भन्नु दिदी पोहोरझैं टीका लगाउन पाएन
अर्को साल तर तिहारमा दिदी अवस्य फिर्नेछु
हजुरको हातको मखमली माला गलामा भिर्नेछु ।

हे बैनी तिमीले हरविघ्न दाइका ओखरमा फुटाई
मिसाई माया बनाई टीका कलश सजाई
लगाइदिऊँ भन्दा निधारमा टीका दाइ साथ नहुँदा
बुझायौ क्यारी कोमल मन दाइलाई सम्झदा ।

सपना मनका फुलाउन भनी प्रवास म आको
भएछ वर्षौ तीजमा पनि म लिन नआाको
धेरैबेर छैन बिहानी हुन उज्यालो पोखिन
कल्पेर अहो हर्षिन्छ मन चाँडै आ त्यो दिन ।

दिदी र भाइको तिहारमा भैलो साथैमा गाउँला
बैनीको हातको सेल रोटी मिठो बाँडेर खाउँला
माइतीको घर मुटुझैं प्यारो स्वर्ग ती आँखामा
नाचौली तीजमा बाबाको आँगन आमाको साथमा ।

## ३. कहाँ पुग्यौँ नेपाली

यो कहाँ पुग्यौँ नेपाली आज नेपाल नाप्दैछौँ,
बनाई देश धुरी न छानो पसल थाप्दैछौँ ।

लड्दैछौँ किन बैरी नै सरी दाजुभाइ आपसी,
फोर्दैछौं किन हरिया फाँट रारा र रापती ।

हामीलाई हेर्छ तिलाठी हामी देश बिलो लाउँदैछौँ,
नेपाली शिर झुकाउदै उत्तर दक्षिण धाउँदैछौँ ।

लक्ष्मणपुर डुब्दा मुटुको चाल बढ्दैन भने त,
रगतमा बाबा के नेपाली हुन् हेरौँ है अब त ।

काँगडा टिस्टा न खोज्ने आँखा न दुख्ने मुटुलाई,
कसरी भनूँ अमरका सन्तान वीरका दाजुभाइ ।

बनाई टुक्रा पुर्खाको नासो गौरव हुँदैन,
आमाको छाती चिरेको देख्दा कुन छोरो रूँदैन ।

न हाँस्छन् आज गुराँस न त गुलाब मुस्काउँछन्,
दुःखी ती काली कार्णाली कोशी विरह सुस्साउँछन् ।

माटोले माग्छ पसिना तर चढाउँछौँ रगत,
खुशीका दिन उदाउँछन् भन्ने आश मऱ्यो अब त ।

निभ्दैछ किन आशाको दियो देश कता पुग्दैछ,
सहिदको रगत बिधुवा सिउँदो जवाफ खोज्दैछ ।

# ४. आमाको सम्झना

यी शब्द मैले लेख्दैछु आमा तिम्रो नै नाममा
प्रवासमा रून्छु सम्झेर तिमी हरेक याममा
थिएन थाहा नजिक हुँदा आज म बुझ्दैछु
सेवा पो तिम्रो रहेछ पुण्य नमिल्ने धाममा ।

पुसको जाडो पिँढीमा बसी बिहानी घाममा
हेर्थ्यौ रे मेरो धमिलो नाम पुरानो खाममा
कराए काग बारीको डिल उठेर दौडिदै
गएर पूजा–कोठामा शिर राख्थ्यौ रे राममा ।

देखेर साथी हिँडेको बाटो लागेछु लाममा
सम्झदा आँशु बर्सन्छ मन लाग्दैन काममा
ढिला नै सही ज्ञान यो भयो सारा यो जगतमा
रहेछ एउटै आमाको माया नमिल्ने दाममा ।

छोडेको हैन आँशुको धारा एक पल बहन
हे आमा आज बिछोडको पीडा गाह्रो भो सहन
खनौँला खेत खाउँला खोले बरू त्यो सहुँला
फर्कन्छु देश सक्तैन अब म टाढा रहन ।

# ५. म वीर नेपाली

प्यासी म होइन पानीको भोको माम र दामको,
रोग न राग सिङ्गो छ सास आशीष छ रामको ।

म चढ्न सक्छु हिमाल शिर कठिन टाकुरा,
म खन्न सक्छु पहाड सारा बलिया पाखुरा ।

बालुवा भित्रै म भेट्न सक्छु सुनका खजाना,
माटोमा मुछी उमार्न सक्छु अन्नका सौ दाना ।

सक्तछु सारा आकाशका तारा झारेर गाउन,
शिशिरमा पनि कोइलीसँग वसन्त ल्याउन ।

लड्नु नै परे देशका लागि खुकुरी भिरेर,
ल्याउन सक्छु दुश्मनको शिर दश ठाउँ चिरेर ।

हटाई द्वेष शान्तिको गीत बुद्धको थलामा,
माया र प्रीति उमार्न सक्छु आली र गह्रामा ।

शिरमा पीर भए नि ओठ हाँसोले रंगाउँछु,
जीवनका पाना मायाका मीठा अक्षरले सजाउँछु ।

हर रङ हाँसो छरेर जहाँ जगत हसाउँछु,
नेपाली हुँ म दुनियाँभरि पिरती बसाउँछु ।

# ६. पुण्य जन्मभूमि

तेत्तिसै कोटी देवी र देव शिरमा बसेका,
जनक बुद्ध सीताले यहीँ सभ्यता रचेका ।

यहाँको माटो पानीमा हाम्रा पुर्खाको रगत,
दशथरि भाषा दशथरि भेष फुल्दछन् सहज ।

खैजडी मादल बाँसुरी झ्याली डमरू सारङ्गी,
यहीँ बज्छन् दमाहा ढोलक ढ्याङ्ग्रो शंख र सहनाई ।

पहाड हुँदै हिमालको हिउँ तराई झर्दछ,
मधेसमा अन्न फलेर केही पहाड चर्दछ ।

नेपालगंज मुस्काउँछ घाम नाम्चेमा उदाउँदा,
कर्णाली दुख्छ विरह बोकी गण्डकी सुसाउँदा ।

सगरमाथा, कञ्चनजङ्गा, ल्होत्से र मकालु,
धवलागिरी त्यो अन्नपूर्ण, छोयु र मनास्लु ।

दशमा आठ यही विश्वकै उच्च चाँदीका टाकुरा,
चकित सारा विश्वमै वीर गोर्खाली पाखुरा ।

उठाई नजर हेर्दछौँ पर खोज्छौं के आखिर,
लगाउँ टीका नेपाली माटो यही हो अबिर ।

मनमा लिई भक्ति र श्रद्धा झुकाऊँ यो शिर,
जन्मियौं जहाँ त्यही भूमि पुण्य त्यही हो मन्दिर ।

# ७. सहिदको बलिदान

जञ्जिरभित्र जनता बन्दी राखेको बेलामा,
बोल्ने र लेख्ने अधिकार सबै काटेको बेलामा ।

यसरी मानौँ जसरी प्वाँख काटेर चरीको,
पिँजडाभित्र शिकारी राख्छ ठ्याक्कै त्यै सरीको ।

असिनासँग पसिना मुछी बिरूवा रोपेर,
उब्जाई अन्न बुझाउनु पर्ने मालिकलाई लगेर ।

झुपडी सानो खरको छानो वर्षामा चुहिने,
टालुँला अर्को सालमा भन्यो सपना तुहिने ।

जिन्दगीभरि नङ र मासु घोटेर माटोमा,
महङ्गो कर बुझायो तर छैन क्यै साटोमा ।

यी सबै देख्यौ जनता रूँदै शासक हाँसेको,
सकेनौ हेर्न मान्छेको जीवन दास भै बाँचेको ।

संकल्प लिई लडेर मर्ने नबाँच्ने झुकेर,
सडकमा गयौ सरकार आयो हान्नलाई लुकेर ।

देखेर गोली रोकेर बोली बसेनौ काँपेर,
ढोगेर माटो निलेथ्यौ गोली छातीमा थापेर ।

मुक्तिको लागि हाँसेर भेटी चढायौ रगत,
ढलेर आफू दासता ढाल्यौ मुस्कायो जगत ।

# ८. बालापनका यादहरू

आँखामा छाँया मुटुमा माया प्रिय यो मनको,
सम्झना आउँछ ती मिठा क्षण त्यो बालापनको ।

कलिलो तन अबोध मन चिन्ता नै नहुने,
बाला त्यो उमेर सुखको स्वर्ग पिरले नछुने ।

आमाले खाना खुवाउँथिन् कोखाई कोखाई भनेर,
ती दिन थिए सुनौला सुत्थ्यौँ कहानी सुनेर ।

अज्ञानी कस्तो आमाले ख्वाउँदा रोइदिन्थ्यौँ कहिले,
साथमा आमा छैनिन् यो सम्झी रूँदैछौँ अहिले ।

हुर्किंदै गयौं चङ्गा र डुङ्गा खेलेर थाकेनौं,
जिस्कायौं चरी तर्सायौं तर मार्नलाई ताकेनौं ।

गुलेली, गुच्छा, डण्डी र बियो खेलेका दौँतरी,
ताजै छ चित्र दौडेको चउर बिसाउने चौतारी ।

कहाँ छन् होला संगातिहरू कबड्डी खेलेका,
खुसीमा उस्तै रमेका छन् कि दुःखले झेलेका ।

हाँस्छ यो मन सम्झँदा पनि बच्पनका ती दिन,
फर्कन्छन् ऋतु महिना साल फर्कन्नन् ती किन ?

## ९. पतिको नाममा

सिन्दुरभित्र सिउँदोमा मैले तिमीलाई बोकेकी,
निराहार बसी तिजमा तिम्रा हर बिघ्न रोकेकी ।

म व्रत बस्छु नपिई पानी यो सत्य ठानेर,
बढ्दछ तिम्रो उमेर भन्ने मान्यता मानेर ।

अगरबत्ती बालेर सधैँ म पूजा कोठामा,
जप्दछु राम लिई तिम्रो नाम यी मेरा ओठमा ।

तिमी नै सोह्र श्रृंगार मेरो सौन्दर्य सौभाग्य,
तिमी नै पोते गाजल पाउजू मेरो अहोभाग्य ।

यो मुटुभित्र धड्कनमा तिमी राखेर बाँचेकी,
हरेक बुँद रगतमा घोली श्वासमा साँचेकी ।

तिमी हौ मुटु छातीमा मेरो जिउने सहारा,
ओठको प्रभा आँखाको आभा परान पियारा ।

थामेर हात दिएर आशीष बनायौ वरको,
आकाश तिमी हौ मेरो हजुर उज्यालो घरको ।

# १०. विछोडको पीडा

आकाशमा मेरो आउँदा जुन अस्ताउँछ तिम्रोमा,
जहाँ उठ्छौ तिमी बिहानी हुँदा रात हुन्छ मेरोमा ।

यसैले थाहा हुन्छ नि प्यारा छौं कति दुरीमा,
न चाहे पनि छुट्टिनु पऱ्यो जीवनको हुरीमा ।

तिमी छौ टाढा कता हो कता आँखाले दैख्दैन,
बोलाऊँ भने जति नै कराउँ आवाज पुग्दैन ।

भुरूरू उडी आउँथे छेउ म चरी भैदिए,
न कुरी आउँथे बादल भए वा हुरी भैदिए ।

एक पल पनि शताब्दीजस्तो बिताऊँ कसरी,
मिलनको दिन आउँछ कहिले दुख्छ मन बेसरी ।

दश ठाउँ फुट्छ यादमा मुटु कलेजो बीस ठाउँ,
मनको रोग को निको गर्छ कस्लाई म देखाऊँ ।

तस्बिर तिम्रो सिरानीमुनि तस्बिरमै बोलीदेऊ,
नसके बोल्न बिछोडको पीडा सहने गोलीदेऊ ।

विन्ती छ मेरो यादमा आई मुटु न पोली देऊ,
चर्कन्छ छाती सहन गाह्रो बरू बिष घोली देऊ ।

# ११. परदेशीको कथा

सम्पत्ति हाम्रो भन्नु नै पाखो खेत आधा रोपनी,
लुगा र फाटो तरकारी तेल भर त्यही जे पनि ।

अति नै वर्षा खडेरी कहिले दैवको भर खेती,
जीवन कहाँ चल्थ्यो नि यसै साहु नै नभेटी ।

रोग र भोक साहुकै भर गरिबी पासो भो,
निष्ठुरी रैछ दैव नि कठै भूकम्प यहीँ गो ।

ती बाजे हाम्रा दम मुटु रोगी बाथकी रोगी वै,
ओखती मुलो गर्दा नि वर्षौ निको न निमेष क्यै ।

ढल्यो त्यो घर पीरमा बाजे रोगले झन् च्याप्यो,
आज कि भोलि जिस्क्याउँदै काल आखिर साथ लग्यो ।

त्यो लासमाथि बेहोसी बज्यै भन्छिन् म बाँच्दिनँ,
थे बूढा मेरा साहारा जिउने ती बिना बाँच्दिनँ ।

अनौठो हुरी सिरेटो चल्यो घरभरि सन्नाटा,
बेहोसी बज्यै चिर निद्रा कठै बोल्दिनन् अब त ।

धुरू मा धुरू रूवाई घर चितामा दुई लाश,
ती जली गए आगोमा क्षणमै बिलाए आकाश ।

बा–आमा हाम्रा ऋणमा डुबे कोही छैन सहारा,
निष्ठुरी साहु हाम्रो पीरमाथि गर्थ्यो नि व्यापार ।

ब्याज चर्कोचर्को म्याद छोटोछोटो ऋण झनै बढेको,
विदेश जानु कमाउने आश यही बाटो बचेको ।

विदेशिएको भयो नि वर्षौं घरबार छोडेर,
दुःख मात्र किन निधारमा मेरो मन रून्छ सम्झेर ।

फर्कुं त भन्छु घर-गोठ धितो शिरमा ऋण भारी,
कसरी बसौँ मन-मुटु उतै आँखामा पीर झारी ।

बुढा बा–आमा बालबच्चा प्रिया दिन गन्दै बसेका,
मेरा नि निरस हरेक चाड आँशुले भिजेका ।

बिन्ती छ ईश्वर आशीष देऊ ऋण तिर्न सकूँ म,
फिर्ता म गरूँ घर-गोठ धितो अरू केही चाहिन्न ।

# १२. महाभारत संक्षेप

तेजस्वी राजा कुरूका वंश कौरव पाण्डव,
लडेको कथा कहन्छ गीता हिन्दुको गौरव ।

लेखक यस्का वेदव्यास थिए काव्य यो धार्मिक,
इतिहासभित्र दर्शन अहो अनुपम मार्मिक ।

मुकाम थियो हस्तिनापुर सब राम्रो मान्दथे,
राजाले सारा जनता आफ्नै सन्तानझैँ ठान्दथे ।

थे कुरूवंशी शान्तनु राजा उनैको कालमा,
रोपियो उसै युद्धको बिउ लेख्दै छु सारमा ।

शान्तनु राजा घुम्नलाई एक दिन बाहिर निस्केछन्,
केही पर पुग्दा सुन्दरी एउटी कन्यालाई भेटेछन् ।

ती कन्या देख्दा मोहित भई भुतुक्क भएछन्,
परिचय दिई म राजा भनी तिमी को सोधेछन् ।

ती कन्या भन्छिन् ब्रह्माकी छोरी गंगा हो मेरो नाम,
बिहे त गर्छु तर छन् शर्त पहिला म बताऊँ ।

हे राजा सुन नभुल्नू कैले गरूँला बिहे म,
चाहे जे गरूँ त्यसमाथि प्रश्न गर्दैनौ भने त ।

गंगाको शर्त राजाले सुने स्वीकारे खुसीले,
बिहे नि भयो गंगाले छोरा जन्माइन् क्रमैले ।

छोराको बाबा हुँदामा राजा खुसीले फुलेका,
गद्गद थिए दरबारमा सबै हर्षले झुलेका ।

राजाको खुसी हरायो छोरा गंगाले उठाइन्,
निष्ठुरी बनी लगेर पर नदीमा बगाइन् ।

गंगाको शर्त सम्झेर राजा चुप बसे यत्तिकै,
पहिलो सन्तान नदीमा बग्यो जन्मनेबित्तिकै ।

जन्मियो दोस्रो छोरा त्यो पनि बगाइन् गंगाले,
हेरेर बसे विवश राजा निरीह प्रजाले ।

रोकिनन् अझै बगाइरहिन् गंगाले छोरालाई,
पहिलो दोस्रो गरेर जन्म दिएका सातै भाइ ।

अति नै भयो हेरेर यस्तो म बस्न सक्दिनँ,
गर्दछन् अठोट राजाले अब नबोली बस्दिनँ ।

गंगाले जब आठौँलाई पनि लैजान्छिन् बगाउन,
दौडेर त्यहीँ पुग्दछन् राजा गंगालाई फर्काउन ।

आमा हौ कस्ती दानव जस्ती यस्तो के गरेकी,
राजाले भन्छन्– हे गंगा रैछ्यौ मातृत्व मरेकी ।

राजाको रिस सेलाउँदै गंगा राजालाई बताउँछिन्,
किन यो गरेँ लौ सुन भनी कारण सुनाउँछिन् ।

यी सबले श्राप पाएका थिए पहिलो जुनीमा,
जिन्दगीभरि झेल्नलाई दुःख जन्मने धर्तिमा ।

गरेकी थिएँ मैले नि वाचा आमा भै जन्माउने,
जन्मदा साथै सबैलाई मुक्ति आफैले दिलाउने ।

त्यसैले सबलाई बगाइदिएँ जन्मनेबित्तिकै,
गरिनँ राजा मैले जे गरेँ नबुझी यत्तिकै ।

तिमीले बरू तोड्दियौ आफैँ गरेको वाचा नै,
त्यसैले जान्छु छोडेर तिमी सधैँलाई आज नै ।

यो आठौँ छोरा लैजान्छु साथै बस्दिनँ एकै छिन,
नाम राखेँ मैले देवव्रत यस्को फर्काउँला एक दिन ।

भनेर यति राजालाई छोडी गंगा त गै गइन्,
हेरी नै रहे राजाले गंगा अलप भै गइन् ।

वियोगमा व्याकुल भएका राजा फर्किए दरबार,
जे जसै चल्यो राज्यको काज देश र सरकार ।

घडीको सुई घुमी नै रह्यो सम्झना सँगाली,
न दिन भन्यो न रात भन्यो निमेष नरोकी ।

गंगाले वाचा गरेझैँ सोह्र वर्षको छोरालाई,
फर्काइदिइन् धर्तिमा आई एक दिन राजालाई ।

बढेको छोरो पढेको ज्ञानी बल र सिपको,
देखेर राजा खसाए आँसु खुसी र हर्षको ।

दरबारमा बल्ल उदायो घाम छोराको फिर्तीले,
हरा र भरा खेत र गह्रा रङ फेर्‍यो धर्तिले ।

युवराज हुने देखेर गुण राजाले छोरालाई,
घोषणा गरे युवराज भनी सुनाए सभालाई ।

एक दिन राजा घुम्नलाई भनी जंगलमा निस्कन्छन्,
केही पर पुग्दा एकान्त ठाउँमा एक कन्या भेट्दछन् ।

राजाले आफ्नो परिचय दिई सोध्दछन् कन्यालाई,
हे कन्या को हौ के नाम गरी बोलाऊँ तिमीलाई ।

राजाको प्रश्न सुनेर कन्या लजाउँदै हेर्दछिन्,
मुस्काउँदै थोरै दासराज पुत्री सत्यवती भन्छिन् ।

अलौकिक त्यस्ती सुन्दरी देखी लोभिँदै राजाले,
चाहन्छु गर्न तिमीलाई बिहे भन्न पो थाले रे ।

ती कन्या भन्छिन् मसँग बिहे गर्नलाई तिमीले,
मेरो हात माग्नु पर्दछ भेट बाबालाई पहिले ।

गएर राजा दासराज भेटी कन्या ती माग्दछन्,
दासराज छोरी दिनलाई शर्त अनौठो राख्दछन् ।

दासराज भन्छन् छोरी म दिन्छु गरेमा यो वाचा,
यिनको सन्तान बनाउन राजा प्रतिज्ञा गर्छौ ता ।

त्यो शर्त आयो राजाको सामु पहाड जस्तो भै,
घरमा थिए देवव्रत जेठा युवराज पहिले नै ।

राजाले भने यो शर्त पूरा म गर्न सक्दिनँ,
खोसेर देवव्रतको भाग्य म बिहे गर्दिनँ ।

निराश बनी खाली हात राजा दरबार फर्किए,
छोराले देखे बाबाको मुख मलिनो तर्सिए ।

खुसी नै सारा हराए जस्ता शान्तनु पिरले,
दुब्लाउँदै गए अव्यक्त व्यथा मनको दर्दले ।

हरेक दिन उदास उस्तै सुधार हुँदैन,
उपाय सयौँ गर्दा नि कुनै खुसीले छुँदैन ।

ती कन्याबिना बाबालाई जिउन अप्ठेरो देखेर,
देवव्रत भन्छन् दासराजसँग घरमै पुगेर ।

बाबाका लागि छोरी देऊ तिम्री म गद्दी छोड्दछु,
पिताको सुख खुसीका निम्ति म सबै त्याग्दछु ।

सुनेर देवव्रतको बिन्ती दासराज अगाडि,
आशङ्का गर्छन् हे युवराज बिहेको पछाडि ।

सन्तानको मोह जागेर आउला युवराज बनाउन,
कल्पेला मन कसरी रोक्छौ मलाई बताऊ न ।

दासराजको शङ्का नहटाई कन्या बाबालाई नमिल्ने,
बुझेर उनी प्रतिज्ञा गर्छन् विवाह नगर्ने ।

पालन गर्छु म ब्रह्मचर्य विवाह गर्दिनँ ।
सुखका सारा सपना त्याग्छु लोभमा पर्दिनँ ।

कठोर देवव्रतको प्रण पछाडि गएर,
प्रसिद्ध भयो जगमा भीष्म प्रतिज्ञा भनेर ।

प्रतिज्ञापछि फेरियो नाम ती देवव्रतको,
प्रसिद्ध पितामह ती भीष्म कौरव वंशको ।

प्रतिज्ञाबाट सन्तुष्ट दासराजले छोरी ती,
लगाए जिम्मा भीष्मका साथ लिएर गए ती ।

आजन्म ब्रह्मचर्यमा बस्ने प्रतिज्ञा छोराको,
सुनेर चित्त दुखाए मान्दै राजाले नमिठो ।

प्रजाको मन जितेका थिए ती देवव्रतले,
सुनेर सारा निराश भए राज्यको पिरले ।

आफूलाई दोषी ठानेर राजा निराश भए झन्,
दिनानुदिन निर्बल भयो राजाको तन मन ।

समय बित्यो दिन र साल जन्मिए एक छोरा,
चित्रांगद नाम राखियो उनको हेर्दैमा खुब प्यारा ।

केही सालपछि दरबारमा दोस्रो जन्मियो एक छोरा,
विचित्रवीर्य राखियो नाम उस्तै नै खुब प्यारा ।

शान्तनु राजा पिरमा थिए पिर नै रोग भो,
अन्तिम घडी छट्पटीसँगै पछुतो बढ्दै गो ।

भीष्मको हातमा दुई छोरा दिंदै राजा त गै गए,
बालक तिनी गुमाई बाबु टुहुरा भै गए ।

केही वर्षपछि चित्रांगद बसे राजाको आसनमा,
दुर्भाग्य कस्तो बिहे नि नभै मृत्यु भो केही दिनमा ।

त्यसपछि राजा बन्ने भो पालो विचित्रवीर्यको,
उनको नि कुनै सन्तान नभई चाँडै नै मृत्यु भो ।

विचित्रवीर्यका दुई पत्नी अम्बिका अम्बालिका,
विधवा भए बेहाल भए फूल मालीबिनाका ।

ती सत्यवती आमाको हाल बेहाल त्यो बेला,
पति नि गए छोरा नि गए राज कस्ले गर्देला ।

बढाउन वंश चलाउन राज अब म के गरूँ,
सोचमा उनी डुबेकै बेला कोही भन्छ पाउ परूँ ।

नियाली हेरिन् ती आफ्नै छोरा व्यास पो रहेछन्,
अप्ठेरो पर्दा आमालाई भेट्न साथ दिन आएछन् ।

व्यासलाई जन्म दिएकी थिइन् विवाहपूर्व नै,
पराशर ऋषि साथमा हुँदा सम्भोग उहिल्यै ।

छोरालाई अघि देखेर आमा यो आज्ञा गर्दछिन्,
रमण गर बुहारी साथ हे छोरा भन्दछिन् ।

यो कुरूवंश भएको नाश म देख्न सक्दिनँ,
योभन्दा अर्को उपाय छोरा म केही देख्दिनँ ।

बुहारीलाई मनाइन् फेरि ती सत्यवतीले,
अगाडि बढे ती व्यास पनि पवित्र मनले ।

बुहारी दुई एक दासीसँग सहवास गरेर,
व्यासले दिए सन्तान तीन एक–एक गरेर ।

अम्बिकाबाट ती धृतराष्ट्र जेठा भै जन्मिए,
अम्बालिकाका पाण्डु र विदुर दासीका पुत्र थे ।

हुर्किए बढे ती तीनै भाइ ठूला नि भैगए,
शासन कस्ले गर्देला भन्ने पीर पर गैगए ।

धृतले बिहे गरेका थिए पत्नी थिन् गान्धारी,
पाण्डुका थिए श्रीमती दुई ती कुन्ती र माद्री ।

ती धृतराष्ट्र दाइ नै थिए पाण्डु त थिए भाइ,
दाइ जन्मै अन्धा हुँदामा शासन आयो नि भाइलाई ।

भाइले शासन गरेको दाइ सहन्थे कसरी,
त्यो राज्य फिर्ता लिनलाई थाले जालझेल बेसरी ।

एक पटक पाण्डु दुई पत्नीसँग वनमा गएछन्,
रानीका लागि मृगलाई ताकी तीर पनि हानेछन् ।

दुर्भाग्य त्यो तीर लागेर किन्दम ऋषि पो मरेछन्,
ती मर्नु पैले पाण्डुलाई ठूलो सराप दिएछन् ।

पत्नीलाई माया गर्दै थेँ मैले तीर हान्यौ तिमीले,
तिमी नि मर्नु मायाले पत्नी छुनेछौ जहिले ।

त्यो सराप गड्यो पाण्डुको दिलमै घाइते भयो मन,
अँध्यारो भयो जगत सारा अँध्यारै रनवन ।

फर्किए राजा दरबार अनि घटना सुनाए,
भेलामा जो थे सबैले एउटै निचोड बताए ।

राजाले जानी गरेका होइनन् तै पनि दोष भो,
राजकाज उनले त्याग्नु नै पर्छ निर्णय यही हो ।

सबैको सल्लाह पाण्डुले सुने छोड्दिए शासन,
घुमेर आयो धृतराष्ट्रलाई राजाको आसन ।

त्यो बेलासम्म पाण्डुका कुनै सन्तान थिएनन्,
ऋषिको श्राप पाइसकेपछि झन् हुने भएनन् ।

सन्तानबिना कसरी चल्ला राज्यको शासन,
पीरमा पाण्डु कुन्तीलाई भन्छन् शून्य भो आँगन ।

पाण्डुका कुरा सुनेर कुन्ती भन्दछिन् हे राजा,
हजुरसँग एउटा वरदान बताउँछु म आज ।

दुर्वासाबाट वरदान मैले पाएकी छु एउटा,
सक्तछु बन्न सन्तानकी आमा डाकेर देउता ।

सुनेर खुसी पाण्डुको आज्ञा पाएर कुन्तीले,
बोलाइन् धर्म, वायु र इन्द्र सन्तानको चाहले ।

तीन देवबाट युधिष्ठिर, भीम, अर्जुन क्रमशः,
जन्माइदिइन् कुन्तीले छोरा धन्य भो जगत ।

कुन्तीले दिइन् माद्रीलाई पनि पाएको वरदान,
त्यै मन्त्रबाट माद्रीले भेटिन् अश्विनीकुमार ।

जन्मिए नकुल–सहदेव उता माद्रीको कोखमा,
यसरी आए पाँच भाइ पाण्डव यो हाम्रो लोकमा ।

विवाह अघि कुन्तीले जन्म दिएकी कर्णलाई,
गनिन्नन् उनी पाण्डवभित्र यो जान्नु दाजुभाइ ।

सोच्दथे धृतराष्ट्रले पाण्डु भन्दा नि पहिले,
म छोरा पाऊँ, गान्धारी बनिन् गर्भिणी त्यसैले ।

गर्भ त रह्यो जन्मेनन् सन्तान दुई वर्ष भैगयो,
गान्धारीलाई दिनहुँ ठूलो क्रोधले सतायो ।

रिसले उनले पेटमा आफ्नो हिर्काइन् आफैँले,
र, मांसपिण्ड झरेको तल बुझेर व्यासले ।

तुरुन्तै आई वेदव्यास भन्छन् अप्रिय यो भयो,
गर्नु त केही पर्‍यो नि अब जे भयो भै गयो ।

गान्धारी बनाऊ एक सय कुण्ड वेदव्यास भन्दछन्,
ती हरेक कुण्ड घिउले भर वेदव्यास थप्दछन् ।

गान्धारी भन्छिन्– मलाई एउटी छोरी नि चाहिन्छ,
व्यासले भन्छन्– थप एक कुण्ड अवश्य पाइन्छ ।

व्यासले छर्के मन्त्रेर जल त्यो मांसपिण्डमा,
त्यो फुटी बन्यो एक सय एक टुक्रा राख्दिए कुण्डमा ।

दुई वर्षपछि सय कुण्डबाट सय भाइ जन्मिए,
ती भाइहरू सबै नै मिली कौरव कहलिए ।

दुर्योधनदेखि दुःशासन हुँदै मुयुत्सु सयौँमा,
दुशाला मात्र एक छोरी जन्मिन् दाजुभाइ कैयौँमा ।

धृतराष्ट्र राजा राज गरिरहे हस्तिनापुरमा,
पाण्डवलाई दिए त्यो इन्द्रप्रस्थ दबाउने सुरमा ।

पाण्डव भन्थे– राज्यको भूमि बढाइदेऊ हामीलाई,
कौरव कहाँ सुन्थे र आवाज राज दिन्थे सजिलै ।

तानातान भयो राज्यको बाँडफाँड गहिरियो झगडा,
मिलाउने नाममा सारियो अघि पासाको लफडा ।

शकुनि मामा पासाको खेल गरेर झेल भो,
युधिष्ठिर हारे भाइ र पत्नी सर्वस्व राज्य त्यो ।

खेलको शर्त अनुसार पाण्डव गएर वनमा,
बिताए तेह्र कठोर वर्ष ईख नलिई मनमा ।

फर्केर पाण्डव राज्यमा आफ्नो अधिकार माग्दछन्,
कौरवहरू एक इन्चै दिन अस्वीकार गर्दछन् ।

युधिष्ठिर भन्छन् झगडा गर्नु ठीक होइन भाइभाइमा,
पाँचै गाउँ मात्र देऊ मिली बसौँ आपसी दाइभाइमा ।

शान्तिदूत बनी आएर कृष्ण सम्झाउन खोज्दछन्,
अधर्मी कौरव पाण्डवलाई हेपी झगडा रोज्दछन् ।

कृष्णकै कौशल असफल भयो झगडा रोक्नलाई,
राज्यकै लागि युद्धमै उत्रे आपसी दाजुभाइ ।

अर्जुन हेर्छन् कौरवतिर सब आफ्नै देख्दछन्,
कसरी मारून् आफन्त गुरू कदम रोक्दछन् ।

बालापन जस्को काखमा बित्यो ती भीष्म पितालाई,
कसरी मारूँ द्रोण ती गुरू छातीमा तीर चलाई ।

म दैत्य होइन आफन्तै काटी नुहाउने रगतले,
हुँदैन कृष्ण यो मबाट के भन्ला जगत्ले ।

अलमलमा अर्जुन परेको देखी कृष्णले सम्झाउँछन्,
कर्तव्य आखिर गर्नु नै पर्छ भनेर मनाउँछन् ।

निर्वस्त्र पार्दा छोरी र चेली हेरेर जो बस्छन्,
ती आफ्ना हुन्नन् विरोधी मोर्चा भित्र जो पस्दछन् ।

अर्जुनलाई कृष्णले दिए कर्तव्य शिक्षा नै,
अमर छ हाम्रो सामुमा सधैँ भगवद्गीता भै ।

शुरू भो युद्ध पाण्डवलाई कृष्णको साथ थ्यो,
कौरवका साथ ती द्रोणसँगै भीष्मको हात थ्यो ।

मार्दै नै गए पाण्डवहरू नजिक आउँछन् जो,
मारिए भीष्म अर्जुनबाट कौरवलाई भारी भो ।

मारिए द्रोण धृष्टद्युम्नबाट दुर्योधन भीमबाट,
लौ सुनिश्चित भयो पाण्डवहरूको विजय अब त ।

अठार दिनको लडाइँमा पाण्डव कौरवलाई हराई,
र, गर्न थाले हस्तिनापुरमा युधिष्ठिर रजाइँ ।

ताक्नाले आफ्नै कुलबन्धु हारे अधर्मी कौरव,
सत्य नछोड्दा पाण्डव बने धर्मकै गौरव ।

सवाई छन्द (१४ = ४ + ४ + ४ + २)

# १. सगरमाथा

संसारको टोपी हाम्रो सगरमाथा शिर,
चुलिँदैछ अझै माथि पुग्दै गगनतिर ।

यसैगरि सधैँभरि आकासिदै जाओस्,
नेपालीले छाती खोली गर्व गर्न पाओस् ।

कयौँ पुगे चुचुरोमा देशको झण्डा बोकी,
कयौँ गोडा उक्लँदैछन् अनिमेष रोकी ।

सर्वोच्च यो सान हाम्रो देश चिनाउने,
संसारका सयौँ झण्डा यहीँ फहराउने ।

काला नीला रात ढाली अन्धकार फाली,
यहीँबाट उदाउँछ बिहानीको लाली ।

सागर छुन पग्ली बग्छ कोसी–काली बनी,
उमेरसँगै वैंश फुल्ने जवान जहिले पनि ।

धरतीको सिरानी यो गौरवको गाथा,
स्थायी घर नेपाल हो संसारकै छाता ।

# २. भूपू प्रेमीको नाममा

मेरो माया उनको नाममा थियो जबसम्म
उन्ले मेरो मायालाई तौलिन् तबसम्म
जब मैले मेरो माया अर्कैलाई सुम्पैँ
माग्न किन नआएको भन्छिन् अबसम्म ।

माया थियो औधि उनको मनमा सजाएको
याद आउँछ हाँसो माग्दा आँशु नपाएको
के अर्थ भो अर्कैको म भएपछि आज
लुकीलुकी छेउमा आई पाउजू बजाएको ।

अतितमा हाम्रो प्रेम चिहान् बनाएर
मेरा सारा चिठ्ठीमाथि पानी खन्याएर
आज किन अरूसँग म हिँडेको देखी
लैजाऊ मलाई भन्छेऊ मेरो बाबा मनाएर ।

टुटेको त्यो नातालाई टाँसी बस्नु हुन्न
गुमाएको प्रेम कल्पी नाची बस्नु हुन्न
लाग्छ मलाई जीवनभरि हामी कोही पनि
भूपू सम्झी भा'को गृहस्थी नासी बस्नु हुन्न ।

# ३. प्रकृति जोगाऔँ

दायाँ बायाँ हरियाली तिर्खाएका घाँटी
पँधेरीमै खाली घडा पँधेर्नीको ताँती
छैन भनूँ पानी यहाँ खहरेको नाच
आउँछ लान्छ एकै क्षण घरखेत नास ।

खडेरीको झिल्का कैले अति वर्षा कैले
कलकल नागबेली नदी बग्थे पैले
सुगासरि हरिया ती वनपाखा भिर
विलाइगए कयौँ जीव प्रकृतिका शिर ।

भोकमारी बढेकै छ संसारको ताप
वर्षा भेल संख्या थोरै चढेकै छ नाप
समुद्रको सतहले माथिमाथि छुँदै
बस्ती डुब्दै लाखौँ जन बेघर हुँदै रूँदै ।

अन्न फल्न सृष्टि चल्न पानी पैलो शर्त
पानी पर्न हरियाली वन पैलो शर्त
वन मासी पानीका ती मुहानमै घर
बन्यो तब वर्षायाम भाग्यो पर पर ।

रोपौँ रूख रोकौँ आजै वन पाखा काट्न
नदिनाला ताल तलाउ पशुपंक्षी मास्न
अनि बाँच्छ जल थल स्वर्गसरि लोक
नबुझेर सुती राखे हुन सक्छ शोक ।

(बालोरि छन्दः ४+३ = ७)

# १. उठ भयो बिहानी

सूर्योदय भएछ
तारा लुकी गएछ
छोड अब सिरानी
उठ भयो बिहानी ।

हिमाल हेर टल्कियो
घामको लाली झल्कियो
अल्छी कत्ती नमानी
उठ भयो बिहानी ।

चरा पनि उठेर
गए पर उडेर
तिमी पनि यो जानी
उठ भयो बिहानी ।

चिसो हावा बिहान
खानु पर्छ लौ जान
बुझी यति हे ज्ञानी
उठ भयो बिहानी ।

# २. याद आउँछ आमुको

(सासू आमा कमला केसीप्रति समर्पित)

मामा घर हाँसेको
गाएको गीत नाचेको
माया गर्ने नानुको
याद आउँछ आमुको ।

कोखाई भन्दै खुवाको
घाममा राखी नुहाको
हुन्थिन् सधैँ सामु जो
याद आउँछ आमुको ।

क ख ग घ पढाको
ज्ञानी बन्न सिकाको
जिम्मा लिने बाबुको
याद आउँछ आमुको ।

लोरी सुन्दै रातमा
सुतेको त्यो काखमा
माया दिने मामुको
याद आउँछ आमुको ।

# ३. मेरी बैनी

(छोरी यशस्वी र आरोहीप्रति समर्पित)

मेरी बैनी सानी छ
गुणी अनि ज्ञानी छ
नाच्न पनि जानी छ
गाउने उसको बानी छ ।

बस्छे मेरो आँखामा
नाच्छे झ्याउरे भाकामा
कथा सुन्दै काखमा
सुत्छे मेरै साथमा ।

तोते तोते बोलेर
माया प्रीति घोलेर
देशको गीत गाउँछे
अनि ताली पाउँछे ।

आमा–बाबा दुवैलाई
भन्छु यही सधैँलाई
जति जुनी भएनि
पाऊँ सधैँ यै बैनी ।

बालोरी छन्दः (४+३+४+३ = १४)

# १. जूनमामालाई धर्तिमा आउन अनुरोध

कैले आधा बनेर कैले पूरै उदाउँछौँ
चन्द्र लोकमा बसेर जादु कति देखाउँछौ
जूनमामा जूनमामा धर्तीमा नि आऊ न
तिमी हामी मिलेर ताराबाजी गाउँन ।

पहाडमा कहिले बादलमा कहिले
लुकामारी खेलेझै लुकी बस्छौ जहिले
तिमीतिर हेरेर टोलाउँछ यो मन
तिमीलाई छुँ भन्छ भेटुँ भन्छ यो मन
जूनमामा जूनमामा धर्तीमा नि आऊ न ।

तिमीसँगै ल्याऊ है परीहरू तारालाई
म पनि त बोलाउँला मेरा संगी सारालाई
मिठो माम खाउँला आमाको त्यो हातको
सँगै नुनु गरौँला लोरी सुन्दै रातको
जूनमामा जूनमामा धर्तीमा नि आऊ न ।

मखमली फूलको माला सरी मिलौंला
चुङ्गी गट्टा कबडी रूमाल लुकाई खेलौंला ।
फूलसँग भुलौँला भमराझैँ भुनुनु
गाउँला गित नाचौंला पुतलीझैँ फुनुनु
जूनमामा जूनमामा धर्तीमा नि आऊ न ।

# २. स्वर्ग मेरो देश

झर झर झरना पहाडको छातिमा
देख्छौ आँखा खोलेʼनि निदाएʼनि रातिमा
फूल फुल्छ गुराँस खेल्छ यहीँ मयूर
सगरमाथा यहीँ छ संसारको गजूर ।

मिहिनेती पौरखी स्वाभिमानी नेपाली
चाहे भन पहाडी मधेसी वा हिमाली
फैलिएर बसेका पूर्व–पश्चिम यसरी
रङ्गीचङ्गी फूलको फुलबारी जसरी ।

पशुपति लुम्बिनी मन्दिरको सहर
डाँफे मुनाल कोइली गाउँछन् चारै प्रहर
शान्तिको मूल यही छ बुद्धको यो थलोमा
सीता यही भेट्दछन् जनक राजा हलोमा ।

वैरीसँग किल्लामा पानी पनि नपिई
लडे बाजे बराजु निमेष विश्राम नलिई
पुर्खाको यो नासो नै हाम्रो शान गर्व हो
स्वर्ग पर हुँदैन आफ्नै देश स्वर्ग हो ।

## ३. आमा र देश

आजैबाट यो कुरा हामी सोच्नु पर्दछ
भोलि हाम्रो काँधमा देश बोक्नु पर्दछ
यति कुरा जानेर पढ्नु पर्छ साथी हो
शिक्षा धन दौलतमा सबैभन्दा माथि हो ।

समाउने कलम हाम्रा हात कलिला
पढ्न लेख्न सिक्नलाई यिनै दिन मलिला
खेल्नु पनि पर्दछ तर धेरै पढौँ है
माया गर्न देशलाई सधैँ अघि बढौँ है ।

शिरभन्दा आमाको माया गरौँ पहिले
आमाजस्तै देशको माया गरौँ जहिले
मर्न परे हाँसेर बरू बनौँ सहिद
तर बाँची न गरौँ देशलाई अहित ।

ढुङ्गा माटो नेपाली हिउँ पानी देशलाई
राम्रो मान्नु पर्दछ आफ्नै भाषा भेषलाई
ठूला कयौँ देश छन संसारमा छन त
सुन्दर अर्को को छ र आमाजस्तो भन त ?

मारुनी छन्दः (२+२+३+३ = १०)

# १. छोरालाई देश फर्कन आह्वान

छोरा तिमी आउँछौ कि भनेर
बसेकी छु दश औँला गनेर
आऊ फर्की नबस विदेश
पराइको कमारो बनेर ।

युवा जोस जे छैन हामीमा
सीप शक्ति जम्मै छ तिमीमा
आऊ पोख पसिना घरमै
मर्न हुन्न विदेशी भूमिमा ।

खेतबारी बाँझै छ देशमा
कति डुल्छौ लाहुरेको भेषमा
टुक्रँदैछ रूदैछ नेपाल
फाट्दा भाइ-जाति विशेषमा ।

राखेकी छु काखमा नेपाल
खोज्छ तिमीलाई पहाड हिमाल
दुख्छ देश सक्तैन म हेर्न
आऊ छोरा आफैँले सम्हाल ।

# २. फूल

फुल्छौ तिमी सुगन्ध छरेर
आँगनीमा सौन्दर्य भरेर
मुस्कुराउँदै सिकाउँदै सबैलाई
लानु के छ आखिर मरेर ।

दुःखसुख सबैको साथी हौ
मायाप्रीति फैलाउने जाति हौ
सबैलाई नबिझाई हँसाउने
म त भन्छु सृष्टिमै माथि हौ ।

अँधेरीमा जूनकीरी बलेझैँ
राति जून आकासमा खुलेझैँ
काँडा बीच मुस्काको देखेर
लाग्छ मन फुलूँ कि फूल भै ।

साध्य छैन सुन्दरता गनेर
त्यति राम्री छ्यौ फूल फुलेर
त्यसैले त आमाले मलाई
दाँज्नु हुन्छ फूलझैँ भनेर ।

सेलो छन्दः (२+२+३ = ७)

# १. मेरो देश नेपाल

मेरो ज्यान देशलाई
आफ्नै भाषा भेषलाई
मर्न मार्न छु तयार
हेप्छौ भने यसलाई ।

थोपा थोपा रगत
कुरा होइन फगत
माग्छ भने देशले
त्याग्न सक्छु जगत ।

दसैँ फागुको मेला
न छ हेय न हेला
सबै रङ्ग अटेको
सबै जातिको भेला ।

यो हो प्यारो नेपाल
तिम्रो मेरो नेपाल
आमा जस्तै यसको
छाति पनि विशाल ।

# २. मेरो दाङ

गुहार पातु छातिमा
तेल थपेझैँ बातीमा
बग्छन् सिच्दै दाङ यो
हाम्रो मान शान यो ।

कपुरकोट छ सिरानमा
तुल्सीपुर छ निधारमा
पुछारमा बबै छ
के छैन यहाँ सबै छ ।

उपत्यका ठूलो यो
एसियामै दोस्रो हो
गर्व लाग्छ सबभन्दा
अग्लो त्रिशूल छ भन्दा ।

मन्दिरको बस्ती छ
झरनाको मस्ती छ
थाहा छ दाङ कस्ती छ ?
ठ्याक्कै आमा जस्ती छ ।

# विभिन्न अवसरमा कविता वाचन गर्दा लिइएका तस्बिरहरू



क्यान्टरबरी नेपालिज सोसाइटी न्युजिल्याण्डले आयोजना गरेको २०७७ सालको दसैंको अवसरमा कविता वाचन गर्दै ।




नेपाली साहित्य समाज न्युजिल्याण्डले २०७७ सालको लक्ष्मी जयन्तीको अवसरमा आयोजना गरेको लक्ष्मी जयन्ती तथा वार्षिक रचना वाचन कार्यक्रममा रचना वाचन गर्दै ।



नेपाल न्युजिल्याण्ड फ्रेन्डसिप सोसाइटी अफ क्यान्टरबरीले आयोजना गरेको नयाँ वर्ष २०७६ को शुभकामना कार्यक्रममा छोरी यशस्वीसँग कविता वाचन गर्दै ।




नेपाली साहित्य समाज न्युजिल्याण्डका कार्यसमिति पदाधिकारीहरूसँग । दायाँबाट क्रमशः डा. भुवनेश्वर ढकाल, डा. विपुलेन्द्र अधिकारी, डा. शिवप्रसाद पोखरेल, प्रा.डा.राजेश ढकाल, डा. वीरेन्द्र केसी, डा. जया तिवारी, साधना पौडेल, इन्दु काफ्ले, डा. सलिना ढकाल, सञ्जय शान्ति सुवेदी ।




नेपाली साहित्य समाज न्युजिल्याण्डले २०७७ सालको लक्ष्मी जयन्तीको अवसरमा आयोजना गरेको लक्ष्मी जयन्ती तथा वार्षिक रचना वाचन कार्यक्रमपश्चात् सहभागीहरूसँग ।



नेपाल न्युजिल्याण्ड फ्रेन्डसिप सोसाइटी अफ क्यान्टरबरीले आयोजना गरेको नयाँ वर्ष २०७५ को शुभकामना कार्यक्रममा कविता वाचनपश्चात् सहभागीहरूसँग ।

नेपाल-न्युजिल्याण्ड फ्रेण्डसिप सोसाइटी अफ क्यान्टरबरीले आयोजना गरेको नयाँ वर्ष २०७८ को शुभकामना कार्यक्रममा श्रीमती डा. सरिता केसीसँग कविता वाचन गर्दै ।







क्यान्टरबरी नेपलिज सोसाइटी न्युजिल्याण्डले आयोजना गरेको नयाँ वर्ष २०७८ को शुभकामना कार्यक्रममा कविता वाचनपश्चात् नेपाली साहित्य समाज न्युजिल्याण्डका पदाधिकारीहरूसँग ।



क्यान्टरबरी नेपलिज सोसाइटी न्युजिल्याण्डले आयोजना गरेको नयाँ वर्ष २०७८ को शुभकामना कार्यक्रममा कविता वाचन गर्दै ।



श्रीमती डा. सरिता केसीसँग कविता वाचन गर्दै ।

# शुभकामना

न्युजिल्याण्डमा रहेर नेपाली धर्ती, संस्कृति, आफन्त र नेपाली जनजीवनका बारेमा कवितामार्फत चासो र चिन्ता राख्नु हुने डा. वीरेन्द्र केसीको निरन्तर लेखनको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

दिनेश अधिकारी, कवि तथा लेखक

अध्ययन र लेखनमा सानो कक्षादेखि नै अभिरूचि राख्ने मेरा पूर्वविद्यार्थी डा. वीरेन्द्र केसी पेशाले इन्जिनियर भएर पनि सिर्जनामा काम गर्दै आइरहेका छन् । उनले आफ्नो प्रतिभालाई अभिमुख गराउँदै जन्मभूमिप्रति अनुराग प्रतिबिम्बित हुने कवितात्मक रचना पस्कँदै स्रष्टाको रूपमा उदाउँदै गरेको देख्न पाउँदा अत्यन्त खुसी लागेको छ । प्रतिभालाई फत्रन सल्लाह दिँदै सफलताको शुभकामना व्यक्त गर्दछु ।

विष्णुप्रसाद शर्मा, पूर्वप्रअ, महेन्द्र मावि, दाङ

It is very soul enriching to see the level of widespread popularity and appreciations received by Dr. Birendra KC's recent contributions to poetic literature. Despite coming from a long well-established engineering background, the benign genuineity, creativity and allure of his write-ups have not only encouraged the Nepali diaspora spread around the world to reconnect with each other and with their roots, but also revealed the magnificent humane side of a truly patriot and nationalist, living abroad. Best wishes for his future endeavor!

*Dr. Krishna Chandra Prasad Sah*

I feel very glad to know that an engineer by profession, Dr. Birendra KC is engineering a collection of poems and trying to erect a poetic skyscraper in Nepali literature. By this publication Dr. KC has shown his presence in the realm of Nepali literature. I hope he will be able to maintain balance between engineering profession and literary creation. As I have found him a silent and disciplined observer of the nature and society, he will be able to create more meaningful, useful and artistic literature backed up by his engineering knowledge and experience which will ultimately be beneficial to the nature and society. I wish all success in his future endeavor.

*Prof. Dr. Rajendra Prasad Adhikari*



डा. वीरेन्द्र केसी

| | |
|---|---|
| आमाः | लीलाकुमारी केसी |
| बुवाः | घनश्याम केसी |
| श्रीमतीः | डा. सरिता केसी |
| छोरीहरूः | यशस्वी र आरोही |
| जन्म स्थानः | तुलसीपुर उ.म.न.पा. १०, पढ्ढा, दाङ |
| स्थायी बसोबासः | का.म.न.पा.१४, कलंकी, काठमाडौँ |
| हालः | क्राइस्टचर्च न्युजिल्याण्ड |
| शिक्षाः | पिएचडी (लिंकन युनिभर्सिटी न्युजिल्याण्ड)<br>एमई (युनेस्को आइ.एच.ई. नेदरल्याण्ड)<br>बिई (पुल्चोक इन्जिनियरिङ क्याम्पस) |
| पेशाः | सिँचाइ इन्जिनियर |
| रूचिः | नेपाली र अंग्रेजी साहित्य |
| भ्रमणः | न्युजिल्याण्ड, नेदरल्याण्ड, स्वीजरल्याण्ड, सिंगापुर, जर्मनी, फ्रान्स, मोनाको, बेल्जियम, लक्जमबर्ग, थाइल्याण्ड, भारत । |
| प्रकाशित कृतिः | आमाको काखमा दुखेको देश (तपाईंको हातमा) |
| आबद्धताः | अक्वालिंक रिसर्च लि. क्राइस्टचर्च, न्युजिल्याण्ड<br>उपाध्यक्ष, नेपाली साहित्य समाज न्युजिल्याण्ड<br>अध्यक्ष, नेपाली साहित्य समाज साउथ आइल्याण्ड न्युजिल्याण्ड |

पेशाले सिँचाइ इञ्जिनियर डा. वीरेन्द्र केसीको
काव्यकारिता सोख हो ।
तथापि उनका यी काव्ययिक भावले एक
उच्च काव्यकारिताको छनक दिएका छन् ।
विदेशमा रहँदा उँडलिने मातापिता, आफन्त र मातृभूमि
प्रतिको प्रवल भाव र लगाव तथा विद्यमान राजनीतिप्रति
सुधारको अपेक्षा सबैसबै यहाँ अटेका छन् ।
र, यो संग्रहको सबैभन्दा सशक्त पक्ष चाहिँ
डा. केसीको नेपाली लोकछन्द प्रतिको न्याय नै हो ।

साहित्यपोस्ट
sahityapost.com

There are basically three groups of poems in this collection: the first group of poems shed light on the love and importance of mother and motherland; the second group of poems impart knowledge and wisdom; and the third group of poems reflect pain, sorrow, anger, etc of our society.

POEMS 19900
9 789937 088596